मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**योग्यता प्रणालीको सम्मान गरौं**

☞ योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
☞ योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोगजारीमा समान अवसरको सदुपयोग गरौं,
☞ प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
☞ निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
☞ २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,

*"योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिबद्धता"*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रदेशको बजेट ६५ अर्बको हाराहारीमा आउने

# बागमती प्रदेश सरकारको बजेट आज प्रदेशसभामा प्रस्तुत हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट आज आइतबार प्रदेशसभामा प्रस्तुत हुँदैछ ।

दिउँसो ३ बजे बस्ने प्रदेशसभामा बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले आगामी आर्थिक वर्षको लागि बजेट प्रस्तुत गर्नेछन् । निर्धारित समयभन्दा ३० मिनेट अगावै औपचारिक पोशाकमा प्रदेशसभा भवनमा प्रवेश गर्न सभामुख भुवनकुमार पाठकले सांसद्हरुलाई आग्रह गरेका छन् । चालु आर्थिक वर्षका लागि ६४ अर्ब ५४ करोड रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि ६५ अर्बको हाराहारीमा बजेट ल्याउने तयारी गरेको बताइएको छ ।

यसवर्ष केही आयोजना योजना बैंकमार्फत समावेश गरिएको छ । योजना बैंकमा सबै योजना समेट्न नसकिए पनि केही योजना योजना बैंकमार्फत् आएको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.गंगादत्त नेपालले बताएका छन् । संघीय सरकारबाट प्राप्त हुने अनुदानमा कटौती, खर्च क्षमतामा सुधार ल्याउन नसक्दा र आन्तरिक राजस्व वृद्धिमा देखिएका चुनौतीकाबीच पनि यसवर्ष बजेटको आकार केही बढ्ने देखिएको छ ।

हालै सार्वजनिक बागमती प्रदेशको राजस्व सुधार अध्ययन प्रतिवेदनमा पनि प्रदेशको आन्तरिक आम्दानी बढाउन तत्काल संरचनागत र नीतिगत सुधार आवश्यक रहेको उल्लेख गरिएको छ ।

**यथार्थपरक र खर्च गर्न सकिने बजेट आउँछः मन्त्री काफ्ले**

आर्थिक मामिला तथा योजना मन्त्री काफ्लेले नीति तथा कार्यक्रमलाई आधार बनाएर यथार्थपरक र खर्च गर्न सकिने बजेट ल्याउने तयारी भइरहेको बताएका



छन् । बागमती प्रदेशलाई आइटी हबको रुपमा विकास गर्ने लक्ष्यसहित प्रदेश सरकार अगाडि बढेको उनको भनाइ छ । बागमती प्रदेश सरकारले सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडेलमा योजना कार्यान्वयन गर्ने गृहकार्य गरेको छ ।

मन्त्री काफ्लेले चालु आवको तुलनामा आगामी बजेट ठूलो आकारको हुने स्पष्ट पारेका छन् । 'महत्वपूर्ण योजना कार्यान्वयन र प्रभावकारी बजेट व्यवस्थापन हाम्रो प्राथमिकता हो । त्यसकारण आगामी आर्थिक वर्षको बाजेटको आकार केही बढ्छ,' उनले भने, 'निजीक्षेत्रलाई आकर्षण गर्ने, उत्पादनवृद्धिमा टेवा पुर्‍याउने, नागरिकका मौलिकहक र सेवामा जोड दिने गरी बजेट तयार गरिएको छ ।'

मन्त्री काफ्लेले आगामी बजेटले शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षालगायत क्षेत्रमा विशेष संवेदनशीलता देखाउने जानकारी दिए । बजेटले नागरिकमैत्री कर नीति ल्याउने, करको क्षेत्र विस्तार गर्ने र कर संकलनलाई प्रभावकारी बनाउने रणनीति अपनाइने उनको दावी छ । प्रदेश सरकारले विपद् व्यवस्थापनमा पनि संवेदनशीलता अपनाउँदै कानुनी ढाँचाभित्र रहेर तत्काल निर्णय गर्न सकिने कार्यक्रम समावेश गर्ने भएको छ ।

**बागमती प्रदेशको आर्थिक बृद्धिदर ५.१८ प्रतिशत रहने अनुमान**

चालु आर्थिक वर्ष २०८१/८२ को आर्थिक सर्वेक्षणमा बागमती प्रदेशको आर्थिक बृद्धिदर ५.१८ प्रतिशत रहने अनुमान गरिएको छ । मुलुकको अर्थतन्त्रको आकार ६१ खर्ब ७ अर्ब २२ करोड रहने अनुमान गरिएकोमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६ दशमलब ५२ प्रतिशत रहने अनुमान गरिएको बताइएको छ ।

आर्थिक सर्वेक्षणअनुसार बागमती प्रदेशमा सामाजिक र भौतिक सूचकमा पनि उल्लेखनीय प्रगति भएको पाइएको छ । बागमती प्रदेशमा हाल ९९ दशमलब ९७ प्रतिशत जनसंख्यामा विद्युत् सेवा पुगेको तथा ९२ दशमलब ३५ प्रतिशत घरधुरीमा आधारभूत खानेपानी सेवा पुगेको उनले बताए । साक्षरताको दर ८२ दशमलब १ प्रतिशत रहेको र युवामा उद्यमशील सोचको विकास हुँदै गएको सर्वेक्षणमा उल्लेख गरिएको छ ।

प्रदेश सरकारले सर्वेक्षणले औंल्याएका विषयलाई आगामी बजेट तथा कार्यक्रम र क्षेत्रगत नीतिमार्फत सम्बोधन गर्ने आर्थिक मामिला तथा योजना मन्त्री काफ्लेले बताए । गत फागुनसम्म बागमती प्रदेश सरकारले कुल १४७ वटा सडक पुल र २८ वटा झोलुङ्गेपुल/ट्रस पुल निर्माण सम्पन्न गरेको उल्लेख छ । यस अवधिमा बागमती प्रदेशभित्रका ११९ वटै स्थानीय तहको केन्द्रसम्म सडक सञ्जाल जोडिएको र ९१ वटा स्थानीय तहको केन्द्रसम्म पक्की सडकको पहुँच पुगेको बताइएको छ । २८ वटा स्थानीय तहको केन्द्रसम्म पक्की सडकको पहुँच पुग्न बाँकी रहेको उल्लेख छ ।

चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषिक्षेत्रको योगदान २५ दशमलब २ प्रतिशत र गैरकृषिक्षेत्रको योगदान ७४.८ प्रतिशत रहने अनुमान गरिएको मन्त्री काफ्लले बताए । उनका अनुसार गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः २४.७ प्रतिशत र ७५.३ प्रतिशत रहेको थियो । १ दशमलब ६ चालु आर्थिक वर्ष २०८१/८२ मा कृषिक्षेत्रको उत्पादन ३ दशमलब २८ प्रतिशत र गैरकृषिक्षेत्रको उत्पादन ४ दशमलब २८ प्रतिशतले बढ्ने अनुमान छ ।

गत आर्थिक वर्षमा कृषि क्षेत्रको उत्पादन ३ दशमलब ३५ प्रतिशत र गैरकृषिक्षेत्रको उत्पादन ३ दशमलब ३६ प्रतिशतले बढेको थियो । प्रदेश सरकारले प्रस्तुत गरेको आर्थिक सर्वेक्षणमा बागमतीमा निरपेक्ष गरिवी दर राष्ट्रिय औसतभन्दा कम रहेको उल्लेख छ । नेपाल जीवनस्तर सर्वेक्षण चौथो अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या २० दशमलब २७ प्रतिशत र बहुआयामिक गरिबीको जनसंख्या १७ दशमलब ४ प्रतिशत रहेकोमा बागमती प्रदेशको निरपेक्ष गरिवी १२ दशमलब ५९ प्रतिशत र बहुआयामिक गरिबी ७ प्रतिशत रहेको छ ।

# एसईई प्रदेशबाट सञ्चालन गर्ने प्रस्ताव



साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले माध्यमिक शिक्षा परीक्षा (एसईई) प्रदेशबाट सञ्चालन गर्ने प्रस्ताव गरेको छ ।

विद्यालय शिक्षा विधेयक माथिको छलफलका लागि प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा मन्त्रालयले एसईई प्रदेशबाट सञ्चालन गर्ने प्रस्ताव राखेको हो । मूल विधेयक र उपसमितिको प्रतिवेदनमा एसईई समावेश गरिएको थिएन । कक्षा १० उतीर्ण पश्चात् विभिन्न शिक्षाका धारमा अध्ययन गर्नसक्ने भएकोले परीक्षा प्रणाली र मूल्यांकन मापदण्डमा एकरुपता कायम गर्न एसईई आवश्यक रहेको मन्त्रालयको निष्कर्ष छ ।

मन्त्रालयले निजी विद्यालय शैक्षिक गुठी र कम्पनीमै स्थापना र सञ्चालन गर्ने प्रस्ताव गरेको छ । मन्त्रालयले गरेको प्रस्तावमा यो ऐन सुरु हुनुभन्दा अघि विद्यालयको स्थापना र सञ्चालन गर्न अनुमति प्राप्त गरेको भएपनि यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा नआएका विद्यालय यो ऐन जारी भएपछिको पहिलो शैक्षिक सत्रबाट सञ्चालन नभए त्यस्तो अनुमति स्वतः खारेज हुने भनिएको छ ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिको बैठकमा शिक्षामन्त्री रघुजी पन्तले निजी विद्यालयलाई निषेध गरेर जान नसकिने भन्दै कडाइका साथ नियमन र गुठीमा जानलाई प्रेरित गर्नुपर्ने बताएका छन् । मन्त्री पन्तले संविधानतः विद्यालय शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र गएको स्पष्ट पारे । उनले एसईई प्रदेश सरकार मातहत जाने विषयमा संघीय सरकार र मन्त्रालयले प्रष्ट रुपमा भनेको जानकारी दिँदै शिक्षा इकाईलाई तीनै तहको काम गर्ने गरी दिनुपर्ने बताए ।

शिक्षा इकाइले संघीय सरकार र प्रदेश सरकारको कामसँगै स्थानीय सरकारलाई पनि सहयोग गर्ने व्यवस्था राख्नुपर्नेमा मन्त्री पन्तले जोड दिए । विद्यालय तहमा कक्षा ५ को परीक्षा विद्यालयले लिने, कक्षा ८ को परीक्षा सम्बन्धित पालिकाले लिने, कक्षा १० को परीक्षा प्रदेशले लिने र कक्षा १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले लिने ब्यवस्था गर्न शिक्षाबिदले सुझाव दिएका छन् ।

## रातोमाटे दुर्घटनामा १० जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटेस्थित डाइभर डाँडामा शनिबार दिउँस यात्रुबाहक बस दुर्घटना हुँदा १० जना घाइते भएका छन् ।

बीरगंजबाट हेटौंडातर्फ आइरहेको ना ५ ख २९७० नम्बरको बसको ब्रेकफेल भई पूर्व-पश्चिम राजमार्गमा विपरीत दिशाबाट आइरहेको अन टेस्ट कारलाई ठक्कर दिएको थियो । त्यसपछि सोही बसले अगाडि गइरहेको ना ८ ख ४४० नम्बरको ट्यांकरलाई पछाडिबाट ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

दुर्घटनामा बसमा सवार ४ र कारमा सवार ६ जना गरी कुल १० जना घाइते भएका हुन् । घाइतेहरुलाई तत्काल उद्दार गरी हेटौंडा अस्पतालमा उपचारका लागि पठाइएको छ । तीमध्ये ६ जनाको अवस्था मध्यम र ४ जनाको अवस्था सामान्य रहेको बताइएको छ । बस ब्रेकफेल भई नियन्त्रण गुमाउँदा दुर्घटनास्थल भन्दा करिब १०० मिटर अघि मात्रै एउटा रुखमा ठोक्किएर रोकिन सफल भएको प्रहरीले जनाएको छ । ट्यांकरको पछाडिको भागमा सामान्य क्षति पुगेको बताइएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# अलपत्र प्रदेशसभा भवन

प्रदेशसभा सदस्यले अघिल्लो कार्यकालमा बसेको १० वटा अधिवेशनमध्ये अधिकांश अधिवेशन बैठकमा प्रदेशसभा भवनमा सर्प आउने, लामखुट्टे लाग्नेलगायत साँघुरो र अव्यवस्थित भएको भन्दै नयाँ भवन बनाउन मागसहितको आवाज उठाउँदै आएका थिए । बागमती प्रदेशको नीति निर्माण केन्द्रको रुपमा रहेको प्रदेशसभा भवन अझै निर्माण सम्पन्न हुन सकेको छैन । ५ वर्षअघि अस्थायी प्रयोगका लागि भनिएको भवन अझै पनि काम सम्पन्न नहुँदा सांसदहरु संघीय सरकार मातहतको पुरानो साँघुरो भवनमा बैठक बस्न बाध्य छन् । वि.सं २०७४ फागुन १४ गतेबाट पहिलो बैठक बसेको बागमती प्रदेशसभाले आफ्नो छुट्टै भवनको आवश्यकता महसुस गर्दै २०७७ मंसिर १० गते अस्थायी संरचना निर्माणको शिलान्यास गरेको थियो । प्रारम्भिक चरणमा अर्घाखाँची-सगुन-पारामाउण्ट जेभीले २०७७ कार्तिक १९ गते १८ महिनाभित्र निर्माण सक्ने सर्तमा ४ करोड ९४ लाख ९ हजार ९ रुपैयाँमा ठेक्का पाएको थियो । तर, तोकिएको समयमै काम सम्पन्न गर्न नसक्दा प्रिफ्याव संरचनाको काम ढिलोगरी सम्पन्न भयो ।

यसपछि भवनको आन्तरिक सजावट तथा थप संरचना विस्तारका लागि २०८० फागुन २३ गते सिउँडी निर्माण सेवासँग ३ करोड ५३ लाख ६१ हजार ५ सय ८३ रुपैयाँमा नयाँ सम्झौता गरियो । सचिवालयका अनुसार हाल हेटौंडा उपमहानगरपालिका-१० मा सञ्चालित अस्थायी प्रदेशसभा सचिवालयकै परिसरभित्र प्रिफ्याबबाट निर्माण भइरहेको भवनको संरचना निर्माण सकिए पनि अझै फर्निचर तथा विद्युतीय उपकरण जडानको काम बाँकी छ । फर्निचर तथा फर्निसिङ कार्यका लागि सिउँडी इन्टरनेशनल प्रालिसँग २ करोड २४ लाख ७३ हजार रुपैयाँको लागतमा २०८१ फागुन ४ गते ठेक्का सम्झौता गरिएको थियो । तीन महिनाभित्र काम सम्पन्न गर्ने शर्त राखिएको भएपनि जेठ ४ गतेसम्म पनि काम नसकिएको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ । सरकारले स्थायी संरचना बनाउन नसकेपछि अस्थायी भवन निर्माण अघि बढाइएको हो । तर, पाँचवर्ष बित्दा पनि अस्थायी भवनमै काम अगाडि नबढ्दा सांसदहरुले अझै पनि संघीय सरकार मातहतको तत्कालीन मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको पुरानो भवनमा साँघुरो अवस्थामा बैठक बस्नु परेको छ । प्रदेशसभा सदस्यको संख्या ११० रहेको भए पनि हालको सभाहल निकै साँघुरो छ ।

धेरै कुर्सी राखिएकाले बैठकमा सहभागी हुन, हिँडडुल गर्न र सहज बसाइको व्यवस्था मिलाउन गाह्रो परेको प्रदेशसभा सदस्यको गुनासो छ । बागमती प्रदेश सरकारका पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले एकीकृत प्रादेशिक संरचना निर्माण गर्दा मुख्यमन्त्री कार्यालय तथा मन्त्रालयहरु रहने हाताभित्रै प्रदेशसभा भवन निर्माणको योजना बनाए । योजनाअनुसार प्रक्रिया पनि अघि बढाइयो । प्रदेशसभाको पहिलो कार्यकालको सुरुवातदेखि नै प्रदेशसभाका सदस्यले प्रदेशसभा बैठक, राजनीतिक दलको संसदीय दलको कार्यालय र प्रदेशसभाको सचिवालय सञ्चालन गर्न पर्याप्त नभएको, अव्यवस्थित र साँघुरो भएको भन्दै नयाँ भवन निर्माण गर्न माग गर्दै आएका थिए । प्रदेश सरकारले स्थापनाको ७ वर्षसम्म भाडाका घर र संघीय सरकारका पुराना कार्यालयबाट कार्यसञ्चालन गर्नु बाहेक आफ्नै थलो निर्माण गर्न सकेको छैन । बागमतीमा ७ वर्षभित्र ५ जना मुख्यमन्त्री र ८० जना भन्दा बढी मन्त्री भइसकेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार २ गते सोमबार १६ जुन २०२५ । पञ्चमी, असाढ कृष्णपक्ष । तछलागा ११४५ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ७:०० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारमा नयाँ योजना बन्नेछ | **तुला** | : रिसाउने बानीले काम बिग्रनेछ |
| **वृष** | : कठिनाई कम हुनेछ | **वृश्चिक** | : नोकरीबाट असन्तोष बढ्नेछ |
| **मिथुन** | : साथीभाइमा मनमुटाव हुनेछ | **धनु** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| **कर्कट** | : नयाँ काम समय देखिन्छ | **मकर** | : धार्मिक कार्यबाट प्रगति हुनेछ |
| **सिंह** | : अधुरा काम सम्पन्न हुनेछ | **कुम्भ** | : सहयोग गर्ने भावना आउनेछ |
| **कन्या** | : सवारी साधनबाट क्षति हुन सक्नेछ | **मीन** | : यात्राको लागि सुखद देखिन्छ |

# एउटा झोलेको अनुभूति



✍ प्रेम गुरागाई

सम्झनाअनुसार, दशैंको छेउछाउ पारेर बाले मेरा लागि स्कुल ड्रेस किनिदिनु हुन्थ्यो । त्यही स्कुलको नयाँ ड्रेस लगाएर म दशैंमा मावल जान्थेँ । बाको हात समातेर फुडलिङ बजार जान्थेँ । चिप्लेटी खेल्दा च्यातिएका सुरुवाल टालटुल पारिन्थ्यो, रफू भरिन्थ्यो । आमा हजुरआमाका चोलो र बा, हजुरबाका सुरुवालका घुँडाहरू अर्को कुनै कपडाले टालेर रङ्गीबिरङ्गी बनाउने समय पनि त्यही थियो । एक साल, मेरो भाग्य चम्कियो ।

सायद, बाले चौमासिक तलब थापेका दिन छोराछोरीलाई पुग्ने थानको कपडा बोकेर घर आउनुभयो । हामीलाई ड्रेस भनेर ल्याएको कपडाको अलिक धेरै नै भाग उब्रिएछ । त्यो बाँकी कपडाले मेरा लागि झोला सिलाउने उपाय बाले किनाल्नुभयो । निलो रङ्को झोला पाएँ, मैले । काँधमा भिरेर हिँड्दा घुँडासम्म पुग्ने त्यो झोलाको खुशी सम्झदा अहिले पनि रोमाञ्चित हुन्छु । मेरी आमाले त्यो झोलाको फिता गाँठो पारेर घुँडा माथिसम्म आइपुग्ने बनाइदिनु भएको थियो ।

आज जस्तो सामाजिक सञ्जालको युग भएको भए आमाको फेसबुकमा त्यो मेरो फोटो भेटिन्थ्यो होला । वा मेरो पहुँचमा चल्तीको फोटो स्टुडियो हुन्थ्यो भने बाल्यकालीन याद नवीकरण गर्नेथिएँ, हुँला। खैर, मैले झोला भिरेर स्कुल जान पाएँ । कापी, किताब र पेन्सिलले झोलामा बस्न पाए। मलाइ लाग्छ मेरो कक्षामा म नै एक मात्र झोले थिएँ । मेरा साथीहरू पछिसम्म हातमा किताब च्यापेर स्कुल आउँथे । सजिलो र तेर्सो बाटोमा टाउकामा कापी, किताब अड्याएर हिँडने प्रतिस्पर्धा गर्थे । पानी परेका दिन बारीका माने पिँडालुका पातहरू टिपेर किताब जोगाउँथे। कोहीचाहिँ पिठ्युँमा सर्टको पछाडि किताब लुकाएर हिँडथे।

गाउँमा खुलेको बोर्डिङ स्कुलमा केही कक्षा पढेर हाम्रो स्कुलतिर सरेका केही साथीहरूले चाहिँ पछाडि भिर्ने झोला लिएर आए । तिनीहरूका रवाफै अर्को, मानै- उनीहरु अर्कै ग्रहका मानिस हुन् । अहिले पनि गाउँतिर देख्छु, मेरी छोरीको पुस्तामा पनि धेरै विद्यार्थी झोले हुन पाएका छैनन् । मेरो गाउँमा अधिकांश मानिस खेती किसानी गर्थे, अद्यापि गर्छन् । खेतीपाती गर्न डोको, थुन्से, नाम्लो, बरियो नै पर्याप्त थियो, छँदै छ । तिनले आजसम्म बोक्न पाएको झोला भन्नु मल, नुन, चिनी किन्दा दोकानेले थमाउने प्लास्टिकको एकसरो झोला मात्रै होला । घाँस, दाउरामै जीवन बिताएका हाम्रा धेरै आमा बाहरूले झोला बोक्न पाएनन् । मेरो गाउँमा मोटरबाटो थिएन । ढाक्रेहरू ढाकर बोकेर जीवन धान्थे । सहर बाट मेरो गाउँ सिम्लेसम्म तल दोभानसम्म, पारी पापुङ र ओलाङचुङगोलासम्म भारी बोक्ने उनीहरुको काम थियो ।

दैनिक आवश्यकताका सामान गाउँका साना पसलहरूमा पुर्‍याउँथे । कहिलेकाहीँ तामा, स्टिल र काँसका भाँडाँकुडाँ बेच्ने मानिसहरू गाउँटोलसम्म आउँथे । गाउँका हाटहरूमा कपडा र चुरा बेच्ने साहूहरू पनि हाम्रो घरमा बास बस्न आइपुग्थे । तिनीहरूसँग ठुल्ठूला डोकाहरू हुन्थे । डोकाभित्र एउटा झोला हुन्थ्यो, सायद नगद र अन्य महत्त्वपूर्ण सामग्री हुन्थ्यो होला ।

तर, तिनीहरूले आफूसँग भएको झोला पनि डोकामा बोकेर हिँड्नु पर्‍यो । संसारमा झोला बोकेर हिँडने हजारौँ वर्षको इतिहासमा मेरो गाउँका बा पुस्ताका मानिसहरू कमैले मात्र झोला बोक्न पाए । आमा, हजुर आमाहरूले बोकेको थैली हो। गाउँमा झोला बोक्नेहरू आज पनि सम्झनामै छन् । एक जना राजनीतिक कार्यकर्ता थिए । उनी लगभग हरेक दिन मेरो जस्तै छड्के झोला बोकेर सहर जान्थे । उनी कहिल्यै कार्यकर्ताभन्दा माथि उठ्न सकेनन, या नियति र नेताहरूको नियतले तिनलाई थिचिराख्यो ।

गाउँका अहेबसँग एउटा ओखतिमूलो भरिएको झोला थियो । उनी जता पुगे पनि झोला उनीसगैँ हुन्थ्यो । हाम्रो स्कुलका हेडसरको पनि एउटा झोला थियो । अनि त्यही झोला बोकेर सदरमुकाम गइरहन्थे । चौमासिक तलब बुझ्न झोला बोकिहिँड्थे कि । आक्कलझुक्कल गाउँमा देखिने गाविस सचिवले झोलामै अफिस बोकेर गाउँ आउँथे । यी कसैका झोलाले गाउँमा केही कुभलो गरेनन् । सबै झोलेले गाउँमा जे गरे, आफ्नो बुताले भ्याएसम्म गरे । राम्रै गरे । गाउँमा आज पनि उनीहरू आदर्श मानिसकै नजरमा हेरिन्छन् । म चाहिँ १० कक्षा पास गर पछि बजारमा किनेको एउटा नयाँ झोला बोकेर काठमाडौं आएँ । अलिकति राजनीति बुँझे । थोरै समाज बुझेँ । अलिकति आफूलाई पनि चिने । समाजको सदस्य नाताले समाजको आवश्यकता पनि महसुस भयो । र त, आफ्नो हिस्साको राजनीति गरेँ पनि ।

सानोतिनो नेता पनि भई टोपलेँ । कसैको झोला बोक्न नसकेर चाहेजस्तो ठूलो नेता बन्न सकिनँ । त्यही क्रममा झोलेको अर्थ थाहा पाएँ । नेताका पछि अन्धभक्त भएर लाग्ने, चाकरी चाप्लुसी गर्ने, प्रश्न गर्नै नसक्ने कार्यकर्तालाई ‘झोले’ भनेर व्यङ्ग्य गरिँदो रहेछ । सच्चा कार्यकर्ताहरू किनारामा धकेलिने र अनेक अवसरहरू चाहिँ झोलेहरूको भागमा पर्दो रहेछ । मैले मेरा गाउँका झोले राजनीतिज्ञलाई त्यो बेला सम्झन्थेँ जो अझै पनि राजनीतिको किनारामै छन् । मैले त्यो बेला महसुस गरेँ, झोले शब्दमा अन्धभक्त र व्यक्तिवाद जस्ता गम्भीर राजनीतिक मनोदशा लुकेको रहेछ । म त यसलाई समस्याकै रूपमा चित्रण गर्छु ।

स्कुलमा एक्लै झोला बोकेर हिँडने म झोलेले अब कहिल्यै झोले नहुने कसम खाएँ । तर, आज सम्झन्छु कति ठाउँमा आफ्नै आदर्श र बाचाहरूसँग जीवन भोगाइले मेल खाएन । नेताहरूको आदेशमा चलियो । अध्ययनमा ध्यान पुगेन । ज्ञान भएन । बहस गरिएन । त्यसैले, झोलाले निराश तुल्यायो । आफूले बुझेको लोकतन्त्र र लोकतन्त्रका मूल्य मान्यतामा झोलावाद कतै पढेजस्तो लाग्दैन । मैले पढेको राजनीतिक दर्शन, सिद्धान्तको अंशमा कतै झोलावाद भेटिँदैन र के म एउटा नागरिकको रूपमा जिम्मेवार छु त ? आफैलाई यो प्रश्न सोध्ने ठाउँमा पुगियो ।

झोलेहरू मार्फत् जनआवाजहरू दबाउने, विरोधी तह लगाउने र सत्ता टिकाउने प्रयत्न गर्ने र आफूलाई लोकतन्त्रको हिमायती हुँ भन्न नछाड्ने आफ्नै वरिपरि देखियो । यी प्रवृत्ति भएकाहरूले जनताको लागि नभएर केवल सत्तासुखमा आफूलाई समर्पित गरिरहेको पनि देखियो । झोलामा विद्यार्थीको किताब, अहेबको औषधि, किसानको मलखाद, बीउबिजन र सचिवको कार्यालय देखेको मानिसले बिचौलियाका प्रस्तावहरू र नीतिविपरीतका सिफारिसहरू देखियो ।

त्यही बेला झोला बोकेर आँसु लुकाउँदै विदेश हिँडेको आफ्नै भाइको अनुहार देखेँ । झोला नबोकी चप्पल पड्काउँदै परदेश हिँडेका मानिसहरू पनि देखेँ । र, भर्खरै प्लस टु पास गरेका छोराछोरीको झोला पुर्‍याउन एयर पोर्टतिर हिँडिरहेका बाआमाहरूको अनुहारमा लुक्न नसकेको वेदना देखेँ ।

संघीय शासन प्रणालीमा गाउँको विद्यालय सुधार गर्न सिंहदरबार आइपुगेका हेडसर देखेँ। १० वर्षदेखि ताप्लेजुङमा बसेरसेवा गरेका पालिकाको कर्मचारी सरुवा माग्न सिंहदरबार वरिपरि घुमेको देखेँ । पेट दुखेको उपचार गर्न झापा झरेका गाउँलेहरू देखेँ । कुनै युवा अडिन नसकेको र गाउँ छाडिरहेको गाउँ देखेँ । यी समस्याहरू सँगै समृद्धिका सपना देखेँ । जनसांख्यिक लाभांशको उपयोग गर्ने नीति देखेँ । मानव संसाधन विकासका नवीनतम् योजनाहरू देखेँ ।

निष्कर्षमा: कतै पनि नमिलेको नीति र व्यवहार देखेँ । अनि लाग्यो, हामीले झोले होइन नागरिक बन्नुपर्छ । आफ्नो अधिकार र कर्तव्य राम्रोसँग बुझ्नुपर्छ । त्यसलाई व्यवहारमा उपयोग गर्नुपर्छ। चाकरी होइन बहस गर्नुपर्छ । आलोचनात्मक चेत राख्नुपर्छ । नेताहरूले पनि झोले होइन, सशक्त र जिम्मेवार कार्यकर्ता बनाउनुपर्छ । जसले हाम्रो लोकतन्त्रको जग बलियो बनाउँछ । हामीले पनि लडेर, जेलनेल भोगेर ल्याएको हाम्रो व्यवस्था बलियो बनाउँछ । राज्य प्रणालीमा आममानिसको सहभागितालाई प्रवर्द्धन गर्छ । हामीलाई सुशासन, विकास र समृद्धिका सपनासम्म पुर्‍याउँछ । हाम्रो समाजका विद्यार्थी, किसान, मजदुर, वकिल, राजनीतिज्ञ, प्राध्यापक सबैलाई उस्तै झोला बोक्न सक्ने बनाउँछ ।

निष्कर्षमा: एउटा झोलेको आग्रह छ । हामी ‘झोले’ होइन, जिम्मेवार र सचेत नागरिक बनौँ । सच्चा लोकतन्त्रको विकासका लागि आलोचनात्मक चेत, बहसको संस्कार र व्यक्तिवादको विरोध गर्ने कार्यकर्ता बनौँ । हामीले कसैको झोला नबोक्दा मात्रै सबैले आ-आफ्ना झोला बोक्न सक्ने हैसियत निर्माण हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# यातायात सिन्डिकेट सुदृढीकरणमा तल्लीन सरकार

✍ श्यामप्रसाद मैनाली

गण्डकी प्रदेश सरकारले राइड सेयरिङ नियमावली बनाएछ । कार्यान्वयनमा जाँदा व्यवसायीहरूको चर्को विरोध प्रारम्भ भयो । नियमावलीले निजी क्षेत्रका दुईपाङ्गे, चार पाङ्गे सवारीसाधनहरूमा सिट खाली भए भाडामा अन्य मानिस लिएर हिँड्न पाउने रहेछ । यसबाट व्यवसायीहरुका केही यात्रु घट्ने अवस्था देखियो । यसबाट व्यवसायीहरु विक्षिप्त बन्न पुगे । उनीहरूले यातायात क्षेत्रलाई लामो समयदेखि आफ्नै हिसाबले सञ्चालन गरिरहेका छन् । राज्यका कानुनी प्रावधानहरू उनीहरूका लागि गौण हुन् । यातायात व्यवसायीको संगठनले गरेको निर्णयअनुसार नै यस देशमा बस, मिनीबस, जीपहरू सञ्चालन भइराखेका छन् । व्यवसायीहरू उनीहरूको यो साम्राज्यमा कहीँ-कतैबाट बाधा-अवरोध भएको सहन गर्दैनन् ।

उनीहरूको एकाङ्की सोच मुनाफा आर्जन गर्नु छ । यसका लागि उनीहरु जस्तोसुकै आन्दोलन, सौदाबाजी ब्ल्याकमेलिङ सबै गर्न तत्पर हुन्छन् ।प्रदेश सरकारले नियमावली जेठको पहिलो हप्ता प्रयोगमा ल्याएको थियो । व्यवसायीहरुले प्रदेश सरकारलाई शीघ्र अल्टिमेटम दिए । अल्टिमेटम दिएपश्चात् प्रदेश सरकारले सचिवको अध्यक्षतामा वार्ता समिति गठन गरी व्यवसायीहरुलाई वार्तामा बोलायो । तर व्यवसायीहरुले संघीय सरकारसँग मात्र वार्ता गर्ने जवाफ दिए, वार्ता हुन सकेन । केही दिनको प्रदेश सरकार र यातायात व्यवसायीका बीचको द्वन्द्व चलिराखेको अवस्थामा व्यवसायीहरूले देशव्यापी सार्वजनिक यातायातको हड्ताल गरिदिए । यसबाट सर्वसाधारण ठूलो मर्कामा पर्ने नै भए ।

सरकारले वैकल्पिक व्यवस्था नागरिकहरूलाई गर्न सकेन अथवा गर्न चाहेन । संघीय सरकारले ठूलो महत्व दिई यातायात व्यवसायीहरूलाई वार्तामा बोलायो । व्यवसायीहरुले प्रदेश सरकारले ल्याएको ऐन स्थगन गरे मात्र हड्ताल अन्त्य गर्ने एकमात्र सर्त राखे । केन्द्रीय सरकारले तथास्तु भनिदियो । यातायातका साधनहरू सुचारु रुपले सञ्चालन हुन थाले । राइड सेयरिङ अलपत्र पर्‍यो । संघीय सरकारले प्रदेश सरकारलाई नियमावली एक महिनाको लागि स्थगन गर्न निर्देशन जारी गर्‍यो । यससम्बन्धी ऐन बनेपछि मात्र नियमावली प्रदेश सरकारले लागू गर्ने अनौपचारिक समझदारीका आधारमा यातायात व्यवसायीहरूले आफ्नो बन्द कार्यक्रम फिर्ता लिएको बुझियो ।

यसको सीधा अर्थ हुन्छ- यातायात क्षेत्रमा सिन्डिकेट प्रणालीको सुदृढीकरण भएको छ । यसमा संघीय सरकारले सौहार्दका साथ व्यवसायीहरुलाई सहयोग गरेको छ । हालसम्म सञ्चालनमा आइराखेका पठाओ, इन ड्राइभर जस्ता सेवाप्रदायकहरुलाई पनि यो समझदारीले सशंकित बनाएको छ । किनकि यी माध्यमबाट पनि केही यात्रु तुलनात्मकरूपमा सहज र सरल यात्रा गर्न सुपथ मूल्यमा पाएका छन् । अप्ठ्यारोमा परेका सर्वसाधारण मात्र हुन् । उनीहरुले थप सुविधा गुणस्तरीय हिसाबले पाउने अधिकारमा बन्देज लगाउने काम सरकार र यातायात व्यवसायीका बीचको यो समझदारीले गरेको छ । प्रदेश सरकार एक महिनापश्चात् नियमावली कार्यान्वयनमा आउने दाबी गरिराखेको छ ।

तर यो दाबी उक्त सरकारले दिएको अनुमतिको आधारमा राइड सेयरिङ गरिराखेका समूहहरूको विरोधलाई मत्थर गराउने र आफ्नो इज्जत बचाउने प्रपञ्च मात्र हो । यस प्रकारका टिप्पणीहरू चेतनशील समूहमा भइराखेका छन् । यथार्थमा राइड सेयरिङ के हो ? यसका फाइदा र बेफाइदा के-के छन् ? के-कस्ता चुनौतीको सामना गर्नुपर्ने हुन्छ ? अन्तर्राष्ट्रिय अभ्यास कस्तो छ ? नेपालमा यस विषयमा के-कस्तो नीति र निर्णय गर्नु उपयुक्त हुन्छ ? यिनै विषयमा यस आलेखलाई केन्द्रित गराइएको छ ।

सार्वजनिक सवारीका साधनहरूमा यातायात व्यवसायीहरूको सिन्डिकेट प्रणाली सबैतिर व्याप्त छ । तर विभिन्न देशमा यसको प्रकृति फरक हुन्छ । सिन्डिकेट प्रणालीमा निश्चित रुटमा गाडी चलाउने अधिकार एक समूह वा संगठनमा केन्द्रित गरिएको हुन्छ । सरकारले रूट अनुमति दिन रोक्न वा निर्देशन गर्न सक्छ । तर कार्यान्वयन असहज हुन्छ । त्यसैले व्यवसायीहरू नै यसमा हाबी हुन्छन् । यसमा खुला हिसाबले निजी क्षेत्रका अन्य व्यवसायीहरूले प्रतिस्पर्धा गर्न पाउँदैनन् ।

यिनै संगठनहरू जसले पूर्णरुपमा त्यो रुट र क्षेत्रमा पकट जमाएर बसेका हुन्छन् । उनीहरुकै अनुमति लिएर मात्र सेवा प्रदान गर्न पाउँछन् । यात्रुको सेवाको गुणस्तर, संख्या, भाडादर सबै यिनै व्यवसायीले नै व्यवहारमा निर्धारण गर्ने गर्दछन् । न्यून स्तरको सेवा प्रदान गरी महँगो मूल्यमा भाडा असुल गर्नु यिनीहरूको मूल उद्देश्य हो । व्यवसायीहरुले मुनाफा आर्जन गर्नु नै सर्वोपरि प्राथमिकतामा राखेका हुन्छन् ।

यात्रुको सुविधाका बारेमा खासै चिन्तन व्यवसायीहरू गर्दैनन् । दबाब सिर्जना गरेर, समझदारी गरेर सबै हत्कण्डाको प्रयोगबाट व्यवसायीहरु मात्र फाइदामा हुन्छन् । विभिन्न प्रकारका सवारीका साधनहरुलाई विभिन्न रुटमा सञ्चालन गर्न पाउने गरी वर्गीकरण पनि व्यवसायीहरूले नै गर्दछन् । सेवा समयको निर्धारण र सवारीसाधनमा राखिने यात्रुहरूको संख्या पनि यात्रुमैत्री हुँदैन । क्षेत्र विशेषमा कायम रहेको सिन्डिकेटधारीहरूको अनुमति नलिई सरकारको अनुमति लिएर पनि व्यवसायीहरूले त्यस रुटमा सवारी साधन सञ्चालन गर्न सक्दैनन् ।

### राइड सेयरिङ के हो ?

व्यक्तिगत स्वामित्वमा रहेका दुईपाङ्गे वा चारपाङ्गे सवारीसाधनबाट यात्रुलाई सेवा प्रदान गर्ने तरिका हो यो । यसले डिजिटल प्रविधिको सहायताबाट सेवा प्रदान गर्दछ । निजी सवारी साधनको यात्रुहरूसँग साझेदारी गर्ने भएकाले यसलाई राइड सेयरिङ भनेको हो । यसले ट्राफिक घटाउँछ, इन्धनको बचत हुनुका साथै वातावरणीय प्रदूषणलाई कम गर्छ । यात्रुले सहज र सुपथ मूल्यमा सेवा प्राप्त गर्ने प्रणाली हो ।

शहरी जीवनलाई विशेष गरी सहज बनाउने काम यसबाट हुन्छ । सम्बन्धित निकायहरूका बीचको समन्वयको अवस्था अत्यन्त कमजोर देखिएको छ । शहरी निजी सवारी साधनलाई व्यवसाय प्रयोजनमा लैजान सहज हुँदैन । स्पष्ट नीति र कानुनी प्रावधानहरू बनिसकेका छैनन् । बिमा सुविधा सबैले प्रदान गरिरहेका छैनन् । परम्परागत यातायात व्यवसायीहरूको तीव्र विरोध रहन्छ । यात्रुहरूमा पनि यसमा अभ्यस्त हुन समय लाग्छ । इन्टरनेटको प्रयोग अनिवार्य गर्नुपर्ने हुँदा सबैले सहजै प्रयोग गर्न सक्दैनन् । यात्राको डाटा असुरक्षित हुन सक्छ । यसबाट यात्रुहरू चिन्तित बन्छन् । स्थिर आय यो सुविधा प्रदान गर्नेहरूले प्राप्त गर्दैनन् । सामाजिक सुरक्षाको व्यवस्था यस्ता सेवाप्रदायकहरुलाई प्रदान गरिएको छैन ।

### अन्तर्राष्ट्रिय अभ्यासहरू :

विकासोन्मुख देशहरूमा यस प्रकारका सेवा उपलब्ध गराउने सन्दर्भ असहज हुन्छ । तर यसको स्वरूप विभिन्न देशमा पृथक हुन्छ । विभिन्न देशको अभ्यास हेर्दा अवस्था भिन्न छ । भारतमा विशेष गरी बंगाल, झारखण्ड, विहारमा अत्यन्त ज्यादा सिन्डिकेट प्रणाली देखिएको छ । बंगलादेशमा राजधानी ढाका शहरमै यो विकृति बढी छ । राज्यको तर्फबाट गरिने नियमन ढाकामा अत्यन्त फितलो छ । पाकिस्तानको कराची र लाहोर शहरमै सिन्डिकेट प्रणाली सुदृढ छ । फिलिपिन्समा जीपनी प्रणालीका माध्यमबाट सिन्डिकेटलाई संस्थागत गरिएको छ ।

तर विकसित देशहरूमा सिन्डिकेट प्रणालीलाई निस्तेज गराउने प्रयास भइराखेका छन् । संयुक्त अधिराज्यमा १९८६ देखि नै खुला प्रतिस्पर्धामा यी सेवाहरूलाई सञ्चालन गर्दै आएको छ । यहाँ ट्रान्सपोर्ट फर लन्डनले सार्वजनिक यातायातलाई पूर्ण प्रतिस्पर्धामा लैजाने गरिआएको छ । सूचाङ्कहरू स्पष्ट छन् । यी सूचाङ्कहरूले दक्षता, गुणस्तर र लागतका आधारमा कम्पनीहरूको मूल्याङ्कन गरिन्छ ।

छनोट भएका कम्पनीले प्रतिस्पर्धाबाट टेन्डर आफ्नो पक्षमा पार्न सक्नुपर्दछ । यस अवस्थामा मात्रै सार्वजनिक यातायात सेवा प्रदान गर्न सक्ने व्यवस्था अस्ट्रेलियामा छ । न्युजिल्यान्डका विकसित शहरद्वय अकल्यान्ड र वेलिङटनमा प्रतिस्पर्धात्मक अनुबन्धका आधारमा कम्पनी छनोट गरिन्छ । त्यो कम्पनीले सेवा प्रदान गर्दछ । सार्वजनिक र निजी साझेदारीका आधारमा पनि यो सेवा प्रदान गरिएको छ । स्विडेन, नेदरल्यान्ड, डेनमार्कजस्ता युरोपियन मुलुकमा रिजनल ट्रान्सपोर्ट अथोरिटीले योजना बनाउँछ । निजी कम्पनीहरूका बीच प्रतिस्पर्धा गराउँछ । यो सेवा ठेक्कामा प्रदान गरिन्छ । सिन्डिकेटलाई कडाइका साथ कानुनीरुपमै निषेध गरिएको छ ।

सिंगापुरमा यसलाई व्यवस्थित गर्ने विशेष व्यवस्था गरिएको छ । सन् २०१६ देखि ल्यान्ड ट्रान्सपोर्ट अथोरिटीले यो जिम्मेवारी पाएको छ । बस कन्डक्टिङ मोडेल तयार पारिएको छ । रुटहरूको स्वामित्व सरकारसँग रहन्छ । सेवा सञ्चालन निजी कम्पनीहरूले पूर्ण प्रतिस्पर्धा गर्नुपर्दछ । उपभोक्ताहरूको हित र गुणस्तरमा समझदारी हुन नदिने र सेवाको मापदण्ड सबै ल्यान्ड ट्रान्सपोर्ट अथोरिटीले नै गर्दछ । यातायातका साधनहरू सरकारले नै खरिद गरी निजी सञ्चालकहरुलाई उपलब्ध गराउने व्यवस्थासमेत अवस्था हेरी मिलाइएको छ ।

निजी सञ्चालकहरूको निगरानी, नियन्त्रण, नियमन र मूल्याङ्कन सबै ल्यान्ड ट्रान्सपोर्ट अथोरिटीले गर्छ । टेन्डर पार्न सक्ने निजी सञ्चालकहरूले बढीमा सात वर्षको लागि निश्चित रुटमा सेवा प्रदान गर्न अनुमति पाउँछन् । सेवाको गुणस्तर, समयपालन, सरसफाइजस्ता मापदण्डको प्रतिस्पर्धा गराइन्छ । राम्रो गर्नेलाई बोनस थप गरी दिइन्छ । खराब गर्नेलाई जरिवाना कडाइका साथ गर्ने व्यवस्था छ । सिंगापुरमा एकाधिकारको अन्त्य गरिएको छ । कम्पनीहरूका बीच स्वस्थ प्रतिस्पर्धा गराइन्छ । सरकारको नियन्त्रण पूर्णरुपमा रहन्छ ।

नयाँ प्रविधि र प्रवर्तनलाई प्रोत्साहन दिने गरिएको छ । तर सिंगापुरको सार्वजनिक यातायातको व्यवस्थापन अत्यन्त खर्चिलो छ । कर्मचारी व्यवस्थापन पनि जटिल छ । नियमित रुपमा अनुगमन गर्न पनि सहज देखिएको छैन । यी चुनौतीलाई सामना गर्दै सार्वजनिक यातायातको प्रबन्ध मिलाइएको छ । सिन्डिकेटलाई निरपेक्ष रुपमा अन्त्य गर्न सिंगापुर विश्वमै सफल राष्ट्रको रुपमा दर्ज भएको छ ।

### नेपाली सन्दर्भ :

नेपालमा सिन्डिकेट प्रणाली यातायात क्षेत्रमा अत्यन्त सबल छ । क्लोज डोर पलिसीलाई आत्मसात् गरेका छन् । यातायात व्यवसायीहरूलाई ठीक दिशामा उन्मुख गराउन देशको राजनीति असफल छ । राजनीतिज्ञहरुमा यो इच्छाशक्ति नै छैन । यातायात व्यवसायीहरूबाट प्रभावित बनेका छन् । जनतालाई सुविधा प्रदान गर्ने महत्त्वपूर्ण विषय राजनीतिज्ञहरूको दृष्टिमा गौण बनिराखेको छ । व्यवसायीहरूका बीचको समझदारी र उनीहरूको निर्णय नै यस क्षेत्रमा पर्याप्त छ । सरकारले निर्णय त गर्छ तर त्यसको प्रभावकारी अनुगमन गर्न सक्दैन ।

त्यो निर्णयको अवज्ञा व्यवसायीहरुले गर्छन्, सरकार मुकदर्शक बन्छ । क्षेत्रगत कानुनका छिद्रहरूलाई आधार बनाएर यातायात व्यवसायीहरुले सिन्डिकेटलाई निरन्तरता दिइराखेका छन् । पुराना सवारीसाधनहरू २० वर्ष पुगेका सबै विस्थापित गर्नुपर्ने नीति सरकारले ल्याउँछ । तर व्यवसायीहरूकै जोडबलमा यसलाई कार्यान्वयन गरिँदैन, राजनीतिज्ञहरूको मनोविज्ञान जनताको पक्षमा नभई व्यवसायीहरूको पक्षमा मात्र स्पष्ट देखिन्छ ।

क्रमश: पृष्ठ-३...

सिनेमा सन्दर्भ :

# 'घाटा खेपेर गरिरहेका छौं फिल्म महोत्सव'

काठमाडौंमा वर्षेनी एकाध फिल्म महोत्सव हुने गर्छ । यी महोत्सवमा विश्वका कतिपय फिल्म प्रदर्शन गरिन्छ, त्यसबारे विमर्श गरिन्छ । नयाँ फिल्मबीच प्रतिस्पर्धा गराइन्छ । दिग्गज फिल्ममेकर्सलाई निम्त्याएर प्रशिक्षण दिलाइन्छ । केही दिनका लागि भए पनि शहर सिनेमामय बन्छ ।

फिल्म महोत्सव किन गरिन्छ ? योसँगै उठ्ने प्रश्न हो, निजी प्रयासमा यस्ता महोत्सव गर्ने खर्च कसरी जुट्छ ? कहाँबाट ? कति ? केपी पाठकको जवाफ यस्तो थियो, 'बाहिरबाट हेर्दा के लाग्छ भने महोत्सव गरेर पैसाको थुप्रो नै लगायो । मोजमस्ती गर्‍यो । गाडी चढ्यो । तर, भित्रीकथा भोग्नेलाई मात्र थाहा छ ।'

भनिहालौं, केपी पाठक नेपाल अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल (निफ)का अध्यक्ष हुन् । निफले काठमाडौंमा वर्षेनी फिल्म महोत्सव गर्दै आएको छ ।




### महोत्सव गर्न कति खर्च लाग्छ र त्यसको व्यवस्थापन कसरी हुन्छ ?

'हामी महोत्सवको खाका बनाइरहँदा यसलाई जतिसक्दो भव्य बनाउने कोसिस गर्छौं । त्यस अनुरुप एक, डेढ करोडको अनुमानित बजेट तय हुन्छ' उनी भन्छन्, 'तर, कार्यक्रम गर्ने बेलासम्म त्यो बजेट खुम्चिएर ५० लाखमा झर्छ ।'

महोत्सवस्थल, त्यहाँको सजावट, प्रविधिको खर्च एकातिर छ । अर्कोतिर आगन्तुकको बसोबास, आवतजावत खर्च उत्तिनै छ । '१८ देखि २० लाखको होटल बिल र भेन्यू खर्च २०-२५ लाख जुटाउन मुस्किल हुन्छ' पाठक भन्छन्, '६ दिनसम्म ४० देखि ५० जना विदेशी फिल्म निर्मातालाई पाल्नु सजिलो कहाँ छ र ?'

फिल्म महोत्सवका लागि खर्च जुटाउनु छुटै महाभारत छ । पाठकका अनुसार सरकारी समर्थन छैन । चलचित्र विकास बोर्डले विगतमा ६ लाख रुपैयाँ सहयोग गर्दै आएकोमा अहिले मुस्किलले ४ लाख दिने गरेका छन् । काठमाडौं महानगरपालिकाले यसअघि ५ लाख रुपैयाँ दिदै आएकोमा यसपाली त्यो सम्भावना टरेको छ ।

'सरकारी निकायले हामीलाई विश्वासै गर्दैनन्' अध्यक्ष पाठक भन्छन्, 'फेस्टिभलले देशको प्रचार र आम्दानी बढाइरहेको छ, तर यो कुरा उनीहरूले बुझ्दैनन् ।' काठमाडौंलाई मुखले २६औं फिल्मसिटी भनेर नाक फुलाए पनि व्यवहारमा त्यस्तो नभएको उनको दुखेसो छ ।

महोत्सवका लागि २ देखि ५ लाख रुपैयाँसम्म दिने प्रायोजकहरू खेज्ने, इभेन्टका लागि होटललाई पार्टनर बनाएर ५० प्रतिशत छुट माग्ने, मल्टिप्लेक्समा १५० रुपैयाँको टिकट बिक्री गरी भेन्यू पार्टनर बनाएर जसोतसो महोत्सव गरिरहेको उनी बताउँछन् । 'नाफा नै हुँदैन भने किन महोत्सव गर्नु त ?' धेरैले सोध्ने प्रश्न हो यो ।

'हामी आफैं ६ महिनादेखि स्वयम्सेवक बनेर काम गर्छौं, पेट्रोल-फोनको खर्च आफ्नै खल्तीबाट लगाउँछौं' उनी भन्छन्, 'किनभने हामीलाई सिनेमाप्रति लगाव छ । यसप्रति सम्मान र प्रेम छ ।'

### महोत्सव : घरेलु सिनेमाको स्तरोन्नती र बजारीकरण

नेपाली सिनेमाको स्तरोन्नती, बजारको बढोत्तरी, समाजमा सिनेमा चेत फैलाउनदेखि वैश्विक फिल्ममेकर्सलाई नेपालप्रति आकर्षित गर्न महोत्सव जरुरी भएको उनको ठम्याइ छ ।

'एक पटक महोत्सव गर्दा यहाँ फिल्मलाई अनेक आयमबाट हेर्ने, बुझ्ने र सुन्ने गरिन्छ' पाठक भन्छन्, 'यसले हाम्रो फिल्मको स्तरोन्नतीमा सहयोग गर्ने मात्र नभई बजारलाई विश्वव्यापी बनाउने अनुकुलता पनि प्रदान गर्छ ।'

विश्वका प्रतिष्ठित फिल्म महोत्सवहरूले त्यस ठाउँलाई 'फिल्म पर्यटन'को रुपमा स्थापित गरेको छ । त्यहाँ महोत्सव हुँदा विश्वभरका दिग्गज फिल्मकर्मीहरूको उत्साहजनक जमघट हुन्छ । कति फिल्म त्यही पहिलो पटक प्रिमियर गरिन्छ । फिल्म बनाउने र लगानी गर्नेबीच अन्तरक्रियात्मक वातावरण मिलाइन्छ । तर, हामीसँग यसका लागि पुग्दो बजेट र स्रोत छैन । 'महोत्सवले फिल्म मार्केटको व्यवस्था गर्नुपर्ने थियो' पाठक भन्छन्, 'यसका लागि १ देखि २ करोड चाहिन्छ । ५०-६० जना खरिद-विक्रेता र समीक्षक ल्याउनुपर्छ ।'

यस्तो जमघटमा नेपालका दुई-चार कथा विक्री भएपनि त्यसले ठूलो अर्थ राख्ने र वैश्विक बजार पाउने उनको भनाइ छ । 'यसका लागि सरकारको दर्बिलो साथ चाहिन्छ' उनी भन्छन्, 'तर हामीले त्यस्तो सहयोग पाएका छैनौं ।'

त्यसो त निफले विश्वभरको फिल्म देखाउने, फिल्ममेकर्स आमन्त्रित गरेर एक किसिमको माहोल भने बनाइरहेकै छ । नेपालका १२५ देखि १३० भाषा र संस्कृतिलाई सिनेमामार्फत विश्वमा पुऱ्याउन मञ्च दियो । प्रकाश झा, अनुराग कश्यप, मनीषा कोइराला र तत्कालीन प्रधानमन्त्री केपी ओली लगायतसँग फिल्म नीतिमा बहस चलाइयो । सिनेमा चेत बढाउने काम भए । नेपाली निर्माताले विदेशी निर्मातासँग सम्पर्क बनाउने मेलो पाए ।

### सिनेम्याटिक वहसको थलो

'नेपाली दर्शकमा सिनेमाप्रति रुचि जगाउन र ग्लोबल फिल्म निर्माताहरूसँग नेपाललाई जोड्ने पुल बनाउनु निफको मुख्य उद्देश्य हो' पाठक यसै भन्छन् । उनका अनुसार निफ केवल फिल्म प्रदर्शनको मञ्च होइन, यो सिनेम्याटिक बहसको थलो, सांस्कृतिक आदानप्रदानको माध्यम र पर्यटन प्रवर्द्धनको अवसर पनि हो । समाजका सबै वर्ग र समुदायमा सिनेमाको बहस पुऱ्याउन चाहन्छ ।

'हामी प्यारलल सेसनहरू डिजाइन गर्छौं, ताकि सिनेमाको कुरा गाउँदेखि शहरसम्म पुगोस्' उनी भन्छन्, 'तर, निफको उद्देश्य यतिमा मात्र पनि सीमित छैन ।' नेपाली दर्शकमा फिल्म हेर्ने संस्कृति विकास गर्ने, स्थानीय निर्मातालाई विश्व मञ्चमा पुऱ्याउँने र विदेशी निर्मातालाई नेपालको सांस्कृतिक सम्पदामा आकर्षित गर्ने निफको उदेश्य हो । 'निफ केवल फिल्म फेस्टिभल होइन' उनी भन्छन्, 'यो नेपाललाई विश्वसँग जोड्ने सांस्कृतिक कूटनीतिको पुल हो ।'

नेपालमा सुटिङ गर्न प्रेरित गरेर पर्यटन र अर्थतन्त्रलाई बलियो बनाउने लक्ष्य सहित आएको निफले धेरैथोरै उपलब्धि हासिल गरेको उनी बताउँछन् ।

### विश्व मञ्चमा नेपाली सिनेमाको पहिचान

४० देखि ५० देशका फिल्म निर्माताहरूको सहभागिता, बेल्ट एन्ड रोड फिल्म फेस्टिभल एलायन्स र अन्तर्राष्ट्रिय फिल्म सोसाइटी फेडेरेसनजस्ता नेटवर्कमा नेपालको उपस्थिति गराउन निफको ठोस योगदान छ।

दूतावासहरूसँग सहकार्य गरेर २० वटा स्टल राख्ने र प्रत्येकमा १० वटा कथा पिच गर्ने योजना रहेको उनी सुनाउँछन् । यसले नेपाली सिनेमालाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने आश छ ।

नेटफ्लिक्सको मार्केटिङ रणनीति, एआईको फिल्म निर्माणमा प्रभाव, र ग्लोबल मार्केटिङ स्टडीजमा मास्टर क्लास आयोजना गर्ने लक्ष्य रहेको उनी सुनाउँछन् । 'एआईले सिनेमालाई कसरी सजिलो बनाउँदैछ, त्यो सिकाउन जरुरी छ' पाठक भन्छन् ।

पर्यटन बोर्डले विदेशी फिल्म निर्माताहरूलाई सुटिङका लागि आकर्षित गर्न सकिन्छ । 'उचाइ फिल्मले माउन्ट एभरेस्ट बेसक्याम्पमा पर्यटक बढायो, यस्तै काम निफले गर्न सक्छ' पाठकको विश्वास छ ।

भविष्यमा दूतावासहरू, अन्तर्राष्ट्रिय फन्डिङ एजेन्सीहरू, र निजी क्षेत्रसँग सहकार्य बढाउन सके निफको महोत्सव भव्य हुने उनी बताउँछन् । 'राज्यले ८-१० करोड लगानी गरे दुई-तीन फिल्म सुटिङबाटै पैसा उठ्छ' पाठकको बुझाइ छ ।

निफले १२५ देखि १३० भाषा र जातजातिका संस्कृतिलाई सिनेमामार्फत प्रस्तुत गर्ने अवसर दिएको छ । 'गणतन्त्रपछि सिनेमामा फ्लोरिस भएको छ । सेन्सरको लडाइँ छ, तर मौलिक कथाहरूको खोजी भएको छ' उनले थपे ।

निफको स्थापना सन् २०१८ मा भयो, जब पाठकले नेपाली सिनेमालाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउन र स्थानीय फिल्म निर्मातालाई अवसर प्रदान गर्न जरुरी ठाने । धरान र पोखराबाट सुरु भएको यो यात्रा अहिले काठमाडौंमा केन्द्रित छ, यसले विश्वका ७० देखि ७५ वटा देशका फिल्म निर्माताहरूलाई नेपालसँग जोडेको छ । हरेक वर्षको अन्तिम महिनामा आयोजना हुने निफले हाल सातौं संस्करण सम्पन्न गरिसकेको छ । यो वर्ष चैत्रमा हुने आठौं संस्करणका लागि ७० देशबाट प्राप्त ६०० भन्दा बढी चलचित्रबाट ४० देशका ८७ चलचित्र छनोट भइसकेका छन् ।

'पहिलो संस्करणमा हामीले २० वटा फिल्म चिनेका निर्मातामार्फत जम्मा गरेका थियौं' पाठक भन्छन्, 'आज निफले विश्वभरका फिल्म निर्माताबाट प्रवेश शुल्कसहित सयौं फिल्म प्राप्त गर्छ । हामी ८० देशमा पुग्यौं । निफले नेपाललाई फिल्म दूतको रूपमा विश्वमा चिनायो ।'

*(स्रोत: अनलाइनखबर)*

# मिस युनिभर्सको हलचलले 'ब्युटी पेजेन्ट'को भविष्य कता जाला ?



बैंकक/मिस युनिभर्स अर्गनाइजेसनकी प्रमुख कार्यकारी अधिकृत एनी जकराजुतातिपले माउ कम्पनी जेकेएन ग्लोबल ग्रुपमा रहेका सबै कार्यकारी जिम्मेवारीबाट राजीनामा दिएकी छन् । यससँगै उनले नेतृत्व गरिरहेको मिस युनिभर्स संस्थाको भविष्य अन्योलमा देखिएको छ ।

थाइल्यान्डको धितोपत्र तथा विनिमय आयोगले जकराजुतातिप र अन्य दुई अधिकारीविरुद्ध कम्पनीको वित्तीय विवरणमा गलत सूचना राखेको आरोप लगाउँदै औपचारिक उजुरी दर्ता गरेपछि, जकराजुतातिपले २०२५ जुन ५ मा जेकेएन ग्लोबल ग्रुपको प्रबन्ध निर्देशक तथा अधिकृतको पदबाट राजीनामा दिएकी हुन् ।

थाई सञ्चारमाध्यम द नेसन अनुसार धितोपत्र तथा विनिमय आयोगले जेकेएन ग्लोबल ग्रुप, एनी जकराजुतातिपसहितका सदस्यमाथि कम्पनीको सन् २०२३ को वार्षिक तथा सन् २०२४ को पहिलो त्रैमासिक वित्तीय विवरणमा झूटो वा अपूर्ण लेखापरिक्षण विवरण प्रस्तुत गरेको आरोप लगाएको छ ।

यस मुद्दामा आयोगले उनीहरूलाई ४.१ मिलियन थाई भाट (१७ लाख नेपाली रुपैयाँ) जरिवाना तिराउने निर्णय गरेसँगै, उनीहरूले ५६ महिना अर्थात् चार वर्ष आठ महिनासम्म सार्वजनिक सूचीकरण भएका कम्पनीहरूमा कुनै पनि कार्यकारी पद सम्हाल्न नपाउने प्रतिबन्ध पनि लगाएको छ ।

यो कानुनी विवादको मुख्य कारण भने मिस युनिभर्स संस्थाको स्वामित्वको हस्तान्तरणमा रहेको बताइएको छ । सन् २०२४ को जनवरी महिनामा एनीले मिस युनिभर्स संस्थाको आधा स्वामित्व मेक्सिकन व्यवसायी राउल रोचा को 'लेगेसी होल्डिङ्स ग्रुप'लाई बिक्री गरेको खबर सार्वजनिक भएपछि, थाइल्यान्डको धितोपत्र तथा विनिमय आयोगले त्यसबारे स्पष्ट जानकारी माग गरेको थियो ।

त्यतिबेला जकराजुतातिपले अझै लगानीकर्ता खोज्दै गरेको बताएकी थिइन् । पछि अनुसन्धानमा बिक्री सन् २०२३ को अक्टोबरमै सम्पन्न भइसकेको कुरा सार्वजनिक भएको थियो । यसले आयोगलाई गम्भीर भ्रममा पारिएको भन्दै कारबाही अगाडि बढाइएको हो ।

यतिबेला विभिन्न मुलुकले मिस युनिभर्सको सन् २०२५ का संस्करण आयोजना गर्दैछन् । संस्थाकी प्रमुखले अनियमितताको मुद्दामा राजीनामा दिएपछि यसले मुलुकहरूले आयोजना गर्ने प्रतियोगितामा कस्तो असर पार्नेछ भन्ने कुरा यकिन हुन बाँकी छ ।

यस्तोमा यो प्रकरणले अन्तर्राष्ट्रिय प्रतिनिधित्वमा प्रत्यक्ष प्रभाव पार्न सक्ने देखिएको छ । मिस युनिभर्स नेपालले पनि हालै आवेदन खुला गरेको थियो । तर, संस्थाकी प्रमुखको राजीनामले मुलुकमा आयोजना हुने प्रतियोगितालाई असर नगर्ने आयोजकहरू बताउँछन् । मिस युनिभर्स अर्गनाइजेसनले नोभेम्बर २०२५ मा थाइल्यान्डमै ७४औं संस्करणको मिस युनिभर्स आयोजना गर्ने घोषणा गरिसकेको छ । तर, संस्थागत अन्योल, प्रमुख कार्यकारीको राजीनामा र लगानीको विवादले उक्त आयोजना प्रभावित हुन सक्ने खतरा देखिएको छ ।

यस प्रतिष्ठित सौन्दर्य प्रतियोगितामा विश्वभरका १०० भन्दा बढी सुन्दरी सहभागी हुने अपेक्षा गरिएको छ । यो तयारीबीच संस्थाकी प्रमुखको राजीनामले पार्न सक्ने असरका प्रश्नहरू बाँकी नै छन् ।

# बोस्टनको उही हलमा सात वर्षपछि 'नेपथ्य'

बोस्टन/कन्सर्ट चल्दा चल्दै एक दर्शकले राष्ट्रिय झन्डा मञ्चमा हुत्याइदिए । गाउँदागाउँदैका अमृत गुरुङले त्यसलाई माथि उठाएर हेरे । त्यस झन्डामा केही कोरिएको देखिन्थ्यो ।



'यो रातो र चन्द्रसूर्यलाई जहिले पनि सम्मानले व्यवहार गरौं,' त्यस झन्डालाई काँधमा ओढ्दै अमृतले भने, 'हाम्रो झन्डामा कसैले पनि दाग लगाउन नपाओस् ।' यति भन्नासाथ पूरै हल दर्शकको ताली र कोलाहलले गुन्जियो । उता अमृत भने फेरि पूर्ववत् गाउन सुरु गरे ।

७ वर्षपछि बोस्टनको उही हल 'रोयल बोस्टन'मा उपस्थित हुँदा नेपथ्यका दर्शकका निम्ति धेरै कुरा बदलिइसकेको थियो । स्वयं मुख्य प्रस्तोता अमृतका बाँधिएका कपाल पनि सेताम्य देखिन थालिसकेका थिए । 'तर नेपथ्य झन्पछि झन् ऊर्जाशील बन्दै गएको छ,' दर्शक गौरव थपलिया भनिरहेका थिए, 'हल भित्रको माहोलले पहिलेभन्दा अझ बढी तरंगित बनाएको महसुस भयो ।'

हेटौंडाबाट १७ वर्षअघि बोस्टन आएका थपलिया कन्सर्टमा सपत्नी उपस्थित थिए । हेटौंडामा सन् २००२ र २००३, न्युयोर्कमा २०१५ र बोस्टनमै सन् २०१८ मा नेपथ्यको कन्सर्ट हेरिसकेका गौरवले यसपटकको अनुभव सुनाए, 'ब्यान्डले यसपटक फेरि नयाँ उचाइ समातेको महसुस गरें ।' संयोगले अमेरिकामा नेपथ्य यतिखेर आफूलाई सातौंपटक प्रस्तुत गर्दै छ भने पोहोर सालजस्तै यसपाला पनि यो शृंखलाबद्ध यात्रामा सातवटा सहर अटाएका छन् ।

बोस्टनमा निर्धारित समयअनुसारै बेलुकीको ठीक ७ बजे ढोका खोलिएको थियो भने ठीक ८ बजे शो सुरु भएको थियो । त्यसलगत्तै मञ्चमा उपस्थित नेपथ्यका छ सदस्यले दुई घण्टासम्मै दर्शकलाई लोकरकको स्वादमा डुबाइरहे । 'भाषै नबुझ्ने मान्छेलाई नेपाली साथीहरूले कन्सर्ट हेर्न जाऔं भन्दा पहिले त अलमल परेकी थिएँ,' फिलिपिन्सबाट आएर बोस्टनमा स्नातक अध्ययन गरिरहेकी अमान्डा रोक्सेन याप भन्दै थिइन्, 'रमाइलो लाग्यो । नआएको भए छुटाउने रहेछु ।' अब भने नेपाली कन्सर्टमा जान अलमल नमान्ने बताउँदै उनले बरु थप नेपाली गीत-संगीत खोजेर सुन्ने जानकारी पनि दिइन् ।

एक महिनापहिले टेक्सासको राजधानी अस्टिनबाट सुरु भएको यस वर्षको नेपथ्य यात्रा सियाटल, लस एन्जलस, पिट्सबर्ग हुँदै गत साता सिकागोमा प्रस्तुत भएपछि छैटौं शोका निम्ति बोस्टन आएको थियो । कन्सर्टमा सधैंजस्तै गायक अमृतले नेपाल र नेपालीपनसँग दर्शकलाई जोड्न भरमग्दुर प्रयत्न गरिरहे । उनले सामाजिक जागरण र मानवताका भावनामा पनि उत्तिकै जोड दिएका थिए ।

भर्खरका उमेरदेखि तरुनातरुनी हुँदै विदेशी साथीहरूलाई लिएर आएका दर्शकको रंगीबिरंगी भीडमा परिपक्व उमेरका नेपाली पनि उत्तिकै थिए । हलमा ८० वर्षीया नन्दकुमारी धिताल पनि रमाइरहेकी देखिन्थिन् । उनी थिइन् धुलिखेलबाट बोस्टन आई रेस्टरेन्ट व्यवसाय चलाइ रहेका राम धितालकी आमा ।

'यो कन्सर्ट सबैका लागि रमाइलो हुन्छ भन्ने सुनेर आमालाई पनि लिएर आएको हुँ,' पहिलोपटक नेपथ्य कन्सर्ट हेर्दै गरेका राम भन्दै थिए, 'यहाँ परिवारका सबै एकसाथ रमाउन पाइयो ।'

कन्सर्टमा नेपाली पत्नी फुरदिकी शेर्पाका साथमा साढे ४ घण्टा परको भेरमोन्टदेखि मोटर हाँक्दै आएका अमेरिकी नागरिक जेसे रित्भो पनि थिए । 'ब्यान्डसँगसँगै भएभरका दर्शकले गाइरहँदा मैले मेरी पत्नीसँग नेपाली नसिकेकामा पछुतो पनि लाग्यो,' कन्सर्टकै लागि दुई वर्षे बच्चालाई पहिलोपटक घरैमा छाडेर हिँडेका उनी भनिरहेका थिए, 'रमाएका दर्शकका बीचमा बस्दा मैले पनि आनन्द महसुस गरें ।'

'कोशीको पानी'बाट सुरु भएको कन्सर्ट 'भैंडाको ऊनजस्तो', 'छेक्यो छेक्यो', 'जोमसोमे बजार', 'उडायो रेलैले' हुँदै अघि बढेको थियो। कन्सर्टमा ब्यान्डका लोकप्रिय गीतहरू 'रेश्शम्' र 'तालको पानी' प्रस्तुत गरिँदा दर्शक असाध्यै उत्साहित देखिन्थे ।

'शिरफूल शिरैमा' गाउँदै गर्दा अमृतले नेपालका गाउँबस्तीको सुन्दरता बयान गरेका थिए भने कर्णाली भेगको नयाँ गीत 'कर्नालीका छाइला' पनि गाएर सुनाएका थिए । अन्तिममा अमृतले राष्ट्रिय भावनाका गीतहरू 'गाउँ गाउँबाट उठ' र 'रातो र चन्द्रसूर्जे' सुनाएर दर्शकसँग बिदा लिए । मञ्चमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए ।

नेपथ्यको कन्सर्ट हेरेर रमाउनेमा 'रोयल बोस्टन' हलका पदाधिकारी पनि थिए । हलका 'सेल्स एन्ड अपरेसन' फाँटका भीपी जेमिसन लाग्वार्डिया तिनैमध्येका एक थिए । 'यो ब्यान्ड गजब लाग्यो, दर्शक पनि उत्तिकै रमाइला अनि माहोल त झनै अपार,' जेमिसनले अझ उत्साहित भएर थपे, 'हाम्रो हलमा यस वर्षकै सबैभन्दा राम्रो प्रस्तुति यही नै रह्यो ।' बोस्टन कर्यक्रमको स्थानीय आयोजक टोलीका मुकुन्द पोखरेलले यसले नेपाली कार्यक्रमको स्तरको बार नै बढाएको बताए ।

# यातायात सिन्डिकेट....

जनतालाई देखाउनकै लागि भए पनि बेलाबखत नेपाल सरकार सिन्डिकेटलाई केही हदसम्म नियन्त्रण गर्न खोज्छ । तर व्यवसायीको दबाबका अगाडि सधैं झुकेको छ ।

गण्डकी प्रदेशले ल्याएको नियम पनि यात्रुको पक्षमा छ । यसले व्यवसायीहरुलाई पर्ने प्रभाव भनेको केही मात्रामा यात्रुहरु घट्ने मात्रै हो । अर्को अर्थमा भन्ने हो भने प्रतिस्पर्धाका आधारमा हाम्रा व्यवसायीहरु सेवा प्रदान गर्न तत्पर नहुनु हो । त्यसैले यसको विरोध भएको छ । यस विरोधबाट धेरै प्रकारका प्रभाव पर्ने देखिन्छ । नियमावली स्थगन गर्न संघीय सरकारले निर्देशन दिनु भनेको एकात्मक शासन प्रणालीको अभ्यास संघीय शासन प्रणालीमा गर्नु हो ।

यो संघीय शासन प्रणालीको लागि शोभनीय देखिँदैन । राजनीतिक दलहरूले निर्वाचनको समयमा यिनै यातायात व्यवसायीबाट धेरै प्रकारका सहयोग लिएका हुन्छन् । त्यसैले यातायात व्यवसायीहरूका संघ-संगठनहरु नेपालका राजनीतिक दलहरूका भ्रातृ संस्थासमान छन् । यिनीहरूको संरक्षण गर्नु राजनीतिक नेतृत्वमा रहनेहरुले आफ्नो कर्तव्य सम्झेका छन् । जनताको बारेमा चिन्तन गर्ने र सोच्ने फुर्सद हाम्रा नेतृत्वमा रहनेहरूलाई छैन ।

प्रत्येक वर्ष यातायात व्यवसायीहरूका लागि सरकारले केही निर्देशन गर्छ, नियमावली र ऐनहरू ल्याउँछ, ल्याउने प्रयास गर्छ । तर व्यवसायीहरूले सडक जाम गरिदिन्छन् । यसबाट आम नागरिकलाई असुविधा पुगेको आवरणमा व्यवसायीहरूको माग पूरा गरिदिन राजनीतिज्ञहरूलाई हतारो हुन्छ । जनतालाई सेवा दिएर वैकल्पिक उपायहरु अवलम्बन गर्दै यातायात सेवा सुचारु गर्ने चिन्तन उनीहरूमा देखिँदैन । सरकार निर्णय गर्दै जाने, व्यवसायीहरू त्यसलाई अवज्ञा गर्दै जाने अवस्था छ । यसले गर्दा सरकारमा रहनेहरु यी व्यवसायीहरुबाट प्रभावित छन् । यिनीहरु व्यवसायीहरूका असली खेलौना बनेका छन् । यसमा कुनै सन्देह छैन ।

**निष्कर्ष** :

यातायात व्यवसायीहरू एकाधिकार जमाएर बसेका छन् । उनीहरुलाई सरकारको निर्देशनहरु पालन गर्नुपर्छ भन्ने सामान्य सोचसम्म पनि छैन । सरकारलाई आफ्नो एजेन्डामा सहमत गराउने तागत राख्छन् । अहिले उनीहरुबाट राइड सेयरिङको विरोध भइराखेको छ । यसमा पनि यातायात व्यवसायीहरुकै माग पूरा हुने र सरकार पछि हट्ने सम्भावना प्रबल छ । प्राय: सरकारले व्यवसायीहरूका सामु घुँडा टेकिसकेको छ । किनकि हालसम्मका सरकार र व्यवसायीहरुका बीचको वार्ताको निचोड यस्तै आएको छ । यसका पछाडि दुई कारण रहेका छन् ।

पहिलो हो, यातायात व्यवसायीहरूसँग राजनीति गर्नेहरूको सम्बन्ध अत्यधिक घनिष्ट छ । त्यसैले यातायात व्यवसायीहरु सरकारमाथि हाबी भएका छन् । दोस्रो हो, सरकारले दुई विकल्पमध्ये एक खोज्नुपर्छ । सरकारले निजी क्षेत्रलाई यातायात व्यवसाय सञ्चालन गर्न पूर्ण प्रतिस्पर्धामा छाडिदिनुपर्छ । अन्यथा सरकारले नै नियन्त्रण गर्नुपर्छ, भाडा तोक्नुपर्छ, सबै प्रकारका यातायातको व्यवस्थापन सरकारले नै गर्नुपर्छ । कानुन र निर्देशन व्यवसायीहरुलाई अनिवार्यरुपमा पालना गराउनुपर्छ । यी दुवै कार्यहरू सरकारले गर्न चाहन्छ तर कुनै एक विकल्प परित्याग गर्न सकेको छैन । यही नै मुख्य कारण हो, जनताका समस्या र उनीहरुले पाउने सुविधाहरु गौन बनेका छन् ।

यातायात व्यवसायीहरू नै निर्णायक बनेका छन् । सिन्डिकेट हाबी छ ।राइड सेयरिङ नियमावलीलाई निष्क्रिय बनाउन यातायात व्यवसायीहरु प्राय: सफल बने । यो सिन्डिकेट प्रणालीलाई सुदृढ गर्नु हो । यातायात क्षेत्रमा प्रतिगमन भित्र्याउनु हो । जनताले पाएको थोरै सुविधा पनि अब समाप्त पार्ने प्रपञ्च हो ।

प्रदेश सरकारको अधिकारमाथि संघीय सरकारको हस्तक्षेप पनि हो ।करिब दुई तिहाइको सरकार यति कमजोर देखियो कि न प्रतिस्पर्धामा छाड्न सक्छ, न आफैं नियन्त्रण गर्न सक्छ । व्यवसायीहरूले पटक-पटक सरकार लाई आफ्नो इशाराअनुसार परिचालन गरी आएका छन् । यस स्तम्भकारको प्रजिअ, यातायात सचिव आदिका हैसियतमा पटक-पटक यिनीहरूसँग वार्तामा बस्दाको अनुभव हो यो । सरकार यातायात व्यवसायीसँग नतमस्तक हुन्छ ।

त्यसैले अब पठाओ, इन ड्राइभरजस्ता सेवा-सुविधा पनि कटौती हुने आशंका भइराखेको छ । थोरै मात्र भए पनि जनताको पक्षमा प्रस्तुत हुन सिक सरकार ! यसो भएमा मात्र सरकारमा रहनेहरूको थोरै मात्र भए पनि राजनीतिक संस्कार र लोकतान्त्रिक चरित्र देखिने थियो ।

*(साभार: न्यूज अफ नेपाल)*

# निर्वाचन क्षेत्र रणनीतिक सडकलाई झन्डै साढे ४ अर्ब बजेट



काठमाडौं/सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ मा निर्वाचन क्षेत्र रणनीतिक सडक अन्तर्गतका योजनालाई झन्डै साढे ४ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार यस आयोजना अन्तर्गतका योजनाले यस वर्ष ४ अर्ब ३४ करोड ६० लाख रुपैयाँ बजेट पाउने छन् ।

सरकारले १ सय ६५ वटै निर्वाचन क्षेत्रमा यस्ता आयोजना सञ्चालन गरिरहेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ सालमा निर्वाचन क्षेत्र रणनीतिक सडक शिलान्यास गरेका थिए ।

हरेक निर्वाचन क्षेत्रमा एक रणनीतिक सडक पुऱ्याउने लक्ष्यसहित सुरु गरिएको यो आयोजनालाई सरकारले स्रोत सुनिश्चितताविना नै सुरु गरेको थियो । सोहीकारण हरेक वर्ष आयोजनाले पाउने थोरै बजेटका कारण प्रभावकारी काम हुन सकेको छैन ।

यो आयोजना अन्तर्गतको सडकको कुल लम्बाइ २ हजार २ सय १० किलोमिटर हुन आउँछ । यो सडक कालोपत्र गर्ने योजना छ ।

### प्रधानमन्त्री र अर्थमन्त्रीको निर्वाचन क्षेत्रमा कति ?

यस आयोजना अन्तर्गत प्रधानमन्त्री ओलीको निर्वाचन क्षेत्र झापा-५ मा सबैभन्दा धेरै ३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । झापा-१ मा २५ लाख, झापा-२ मा ३ करोड, झापा-३ मा २५ लाख र झापा-४ मा समेत २५ लाख विनियोजन गरिएको छ ।

उता, अर्थमन्त्री विष्णु पौडेलको निर्वाचन क्षेत्र रुपन्देही-२ मा समेत ३ करोड रुपैयाँ विनियोजन गरिएको छ । रुपन्देहीका सबै निर्वाचन क्षेत्रमा समान ३ करोड बजेट विनियोजन गरिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### आन्तरिक स्रोतबाट मनहरीले बनायो ५ वटा पक्की पुल

# ठाडेखोला र हाँडीखोलामा निर्मित पुल बानियाँद्वारा उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ मकवानपुरको मनहरी गाउँपालिकाको ४ वटा वडालाई जोड्नको लागि गाउँपालिकाले आन्तरिक स्रोतबाट ५ वटा पक्की पुल निर्माण सम्पन्न गरेको छ ।

आन्तरिक स्रोतबाट करिब साढे ३३ करोड रुपैयाँ खर्चिएर गाउँपालिकाले निर्माण सम्पन्न गरेको पक्की पुलको शनिबार बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले उद्घाटन गरेका हुन् । लामिटार-मकरी-चकरी-बेलडाँडा सडकअन्तर्गत निर्माणाधीन ५ वटा पक्की पुलमध्ये ३ वटा गतवर्ष नै सम्पन्न गरी उद्घाटन गरिएको थियो । बाँकी २ वटा पुलको शनिबार उद्घाटन गरिएको हो । मनहरी-३ स्थित ठाडेखोला र हाँडीखोलामा निर्मित पुलको सांसद बानियाँले उद्घाटन गरेका हुन् ।



८ दशमलव ४० मिटर चौडाई र ९० मिटर लम्बाईको ३ स्पानको ठाडेखोला पुल हिराचन बानियाँ जेभीले ८ करोड ६७ लाख ५ हजार रुपैयाँमा सम्झौता गरी सम्पन्न गरेको हो । त्यस्तै ३५ मिटर लामो एक स्पानको हाँडीखोला पुल भैरवनारायणम् जेभीले ५ करोड ३५ लाख ५१ हजार रुपैयाँमा ठेक्का सम्झौता गरी निर्माण गरेको हो । मनहरी-१ र २ जोड्ने च्यापलखोला पुल, ३ र ४ जोड्ने ट्वांग्राखोला पुल र ३ र ४ नम्बर वडालाई नै जोड्ने अर्को मसिने खोला पुल गतवर्ष जेठमै उद्घाटन गरिएको थियो ।

३ स्पानको च्यापल खोला पुल ६ करोड २८ लाख ९८ हजार रुपैयाँ, २ स्पानको ट्वांग्राखोला पुल ६ करोड ४९ लाख ६० हजार रुपैयाँ र २ स्पानको ७४ दशमलव ५५ मिटर लामो मसिने खोला पुल ६ करोड ५९ लाख ५० हजार रुपैयाँमा यसअघि नै सम्पन्न गरिएको हो । तीनवटै पुल निर्माणको काम बानियाँ हिराचन जेभीले गरेको हो । २ वर्षभित्रै सम्पन्न गर्नेगरी २०७७ सालमै पुल निर्माणको काम थालिएको भएता पनि विविध समस्याका कारण निर्माण पक्षले समय थप गरी सबै पुल निर्माण सकेको हो ।

हेटौंडा उपमहानगर पालिकाको १३ नम्बर वडा हुँदै मनहरीको १ देखि ४ नम्बर वडालाई जोड्दै वैकल्पिक मार्गको विकास गर्ने अवधारणाअनुसार गाउँपालिकाले आन्तरिक स्रोतबाट बेहोर्नेगरी २०७७ सालमा एकैसाथ ५ वटा पुल निर्माणको बहुवर्षीय ठेक्का लगाएको थियो । यो सडकअन्तर्गत सबै पुल निर्माण सकिएसँगै साविकको हाँडीखोला गाविसका किसानको कृषिउपजको बजारीकरणमा सहजता हुने र स्थानीयबासीको दैनिक जीवनयापन सहज हुने अपेक्षा गरिएको छ ।

पुल उद्घाटन गर्दै प्रदेशसभा सदस्य बानियाँले पुल निर्माणसँगै हाँडीखोलाका कृषि उत्पादन सहजरुपमा बजारमा पुऱ्याउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । लामिटार-चकरी-मकरी-पदमपोखरी सडक स्तरीकरण र कालोपत्रे गर्न प्रदेश सरकारबाट आवश्यक बजेट बिनियोजन गर्ने बानियाँले विश्वास व्यक्त गरे । 'हाँडीखोलालाई राजमार्गसँग जोड्न राप्तीखोलामा प्रदेश सरकारमार्फत पुल बनायौँ, यता वडा जोड्न गाउँपालिकाले पुल बनायो, अब यो लामिटार-मकरी सडक पिच गर्न प्रदेश सरकारमार्फत बजेट हाल्छु, चौरासीसम्म यो बाटो जसरी पनि पिच गर्ने हो' बानियाँले भने ।

चकरीबाट हेटौंडा-१३ पदमपोखरी जोड्ने पुल निर्माण गर्नको लागि पनि प्रदेश सरकार बाट बजेट विनियोजन गर्ने बानियाँले प्रतिवद्धता जनाए । संघीयता र गणतन्त्र आएपछि धेरै विकासका कामहरु भएको भन्दै उनले वर्तमान व्यवस्था जनताको हितमा रहेको दावी गरे । गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले पुल निर्माण सकिएसँगै मनहरी गाउँपालिकाको ४ वटा वडाका बासिन्दा प्रत्यक्ष लाभान्वित हुने भन्दै खुसी व्यक्त गरे । अब सडक स्तरीकरणमा आफूहरुले ध्यान दिने उनले बताए ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका संयोजक ललित घलान, बागमती प्रदेशका पूर्वराज्यमन्त्री सन्तबहादुर चेपाङ, गाउँपालिका उपाध्यक्ष सीता पुलामी, प्रदेशसभा पूर्वसांसद ओम ग्लान, मनहरी गाउँपालिका पूर्वअध्यक्ष एकराज उप्रेती, नेपाली काँग्रेस मनहरी सभापति प्रकाश वर्तौला, वडा नम्बर ३ का अध्यक्ष अनन्त अर्याल, स्थानीय नरहरिनन्दन उप्रेती लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## थाहा-१२ लितिमा खानेपानी आयोजनाको उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ मकवानपुरको थाहा नगरपालिकाको वडा नं. १२ मा लिति खानेपानी आयोजनाको उद्घाटन गरिएको छ । नगरप्रमुख विष्णु विष्टले आयोजनाको उद्घाटन गरेका हुन् ।

आयोजनाबाट लिति क्षेत्रका २ सय ५ घरधुरी प्रत्यक्षरुपमा लाभान्वित भएका छन् । नगरप्रमुख विष्टले स्थानीय विकासका लागि सबै निकायबीच सहकार्य आवश्यक रहेको बताए । 'खानेपानी जस्तो आधारभूत आवश्यकतामा लगानी हुनु आफैंमा सन्तोषको विषय हो । यो आयोजना केवल पानीको प्रवाह होइन, विकासको संकेत हो' उनले बताए । च्वाइस यूएसएका सीईओ ह्यादरले नेपाली समुदायप्रति आफ्नो संस्थाको प्रतिबद्धता व्यक्त गर्दै भने- 'हामी स्थानीय समुदायको जीवनस्तर सुधार्ने काम गरिरहेका छौं ।

यस्तो आयोजनामा सहकार्य गर्न पाउँदा हामी गौरवान्वित छौं । पानी जीवन हो, र हामी जीवनमा सकारात्मक परिवर्तन ल्याउन चाहन्छौँ ।' च्वाइस नेपालका कार्यकारीनिर्देशक प्रतीक शर्माले आयोजनाको सफल कार्यान्वयनमा स्थानीय सहभागिता महत्वपूर्ण रहेको उल्लेख गरे । उनले 'यो आयोजनाको मूलमन्त्र हो-समुदायको नेतृत्वमा विकास । स्थानीयको श्रमदान, इच्छाशक्ति र नगरपालिका र वडा सँगको सहकार्यबिना यो सम्भव हुने थिएन । यो नमूना हो, जुन अरु ठाउँमा पनि लागू गर्न सकिन्छ ।'

मेलखोला मुहानबाट झिकिएको पानीलाई १९ किलोमिटर लामो पाइप लाइनमार्फत गाउँको प्रत्येक घरसम्म ल्याइएको हो । कुल लागत १ करोड ६५ लाख रुपैयाँ बराबरको यस आयोजनामा थाहा नगरपालिकाबाट ६० लाख, च्वाइसबाट ८० लाख र स्थानीय श्रमदानबाट २५ लाख बराबरको योगदान भएको विवरण च्वाइसका प्रताप घिमिरेले जानकारी दिए । पानीको ट्यांकी निर्माणका लागि काले स्याङ्तान, वीरसिंह घलान, श्याममाया वाइबा, फाउतेसिंह गोले, रामबहादुर स्याङ्तान र माइली स्याङ्तानले जग्गा दान गरेका थिए ।

जग्गा दातालाई सम्मान गरिएको कार्यक्रममा नागदह आधार भूत विद्यालयका १० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको थियो भने कार्यक्रम अन्तरदेशीय सांस्कृतिक आदान-प्रदानले थप रंगीन बनाएको थियो । वडा न १२ को अध्यक्ष टीकाराम स्याङ्तानको अध्यक्षतामा भएको उद्घाटनमा थाहा नगरका प्रमुख प्रशासकीयअधिकृत सुरेन्द्र प्रधान, थाहा १२ का वडासदस्य युवराज जिम्बा, सुरेश घलान, सुनिता दर्जी, सुकमाया थिङ, प्रकाश स्याङ्तान, निर्माण समिति अध्यक्ष हीरामान घलान, थाहा नगरपालिका सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने, ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविनबाबू अर्याल, सानाकिसान सहकारीका अध्यक्ष किरणमान बललगायत च्वाइस नेपाल, डोटेरा अमेरिकाका प्रतिनिधि तथा स्थानीयको उपस्थिति रहेको थियो ।

### हेटौंडा बजारमा २५ मिटर सडक विस्तार हुनुपर्छः नगरउपप्रमुख बानियाँ

## 'व्यवसायीको स्थायित्वको जिम्मा स्थानीय सरकारले लिन्छ'

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/हेटौंडा उपमहानगरउपप्रमुख राजेश बानियाँले हेटौंडाको सडक विस्तारलाई लिएर राजनीति गर्न नहुने बताएका छन् ।

मकवानपुर फर्निचर व्यवसायी संघको शनिबार भएको १९ औं साधारणसभा एवम् अधिवेशनमा नगरउपप्रमुख बानियाँले हेटौंडा बजारमा २५ मिटर सडक विस्तार हुनुपर्ने बताए ।

बजारको दिगो व्यवस्थापनको लागि पनि २५ मिटर आवश्यक भएको उनको भनाई छ । सडक विस्तार हुँदै गर्दा व्यवसायीको व्यवस्थापन र स्थायित्वको जिम्मा स्थानीय सरकारले लिने उनले उल्लेख गरेका छन् । उनले व्यवसायीलाई पलायन हुननदिन निरन्तररुपमा काम गर्ने समेत प्रतिबद्धता व्यक्त गरेका छन् ।

२५ मिटर सडकको विस्तारमा घरधनी, व्यवसायी, राजनीतिक दल सबै एकजुट हुनुपर्नेमा उनले जोड दिए । नगर उपप्रमुख बानियाँले दिनप्रतिदिन हेटौंडाको बजार साँघुरो भएर कुरुप बन्दै गएको बताए । नगरउपप्रमुख बानियाँले ऐन संशोधन गर्न स्थानीय सरकारले लबिङ गरिरहेको बताएका छन् । प्राकृतिक स्रोतसाधनको संरक्षण सँगसँगै आयआर्जनमा जोड्नुपर्ने उनले बताए ।

स्थानीय सरकारको डेलिभरी मात्र दिने काम भएको बताए । स्थानीय सरकारको संरचनाको कारण प्रत्यक्षरुपमा रोजगारी दिन नसकिएको उनको भनाई छ । व्यवसायीसँग सहकार्य गर्दै दक्षजनशक्ति उत्पादनमा उपमहानगरले बजेट विनियोजन गर्ने उनले प्रतिबद्धता व्यक्त गरेका छन् ।

नगरउपप्रमुख बानियाँले हेटौंडा बजारका व्यवसायीको सुरक्षाको ग्यारेन्टी नगरपालिकाले गर्ने बताए । हेटौंडा बजारमा सिसि क्यामराको व्यवस्थापनको योजनालाई उपमहानगरको नीति तथा कार्यक्रममै समावेश गर्ने उनले बताए ।

कार्यक्रममा नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघका प्रथम उपाध्यक्ष गोकुल श्रेष्ठले सहजरुपमै स्थानीय सरकारबाट काठ उपलब्ध हुनुपर्ने माग गरेका छन् । काठलाई सिधै निर्यात गर्न पाउने गरी वन ऐन संशोधन गर्न लागिएको भन्दै उनले असन्तुष्टि जनाए ।

उपाध्यक्ष श्रेष्ठले दक्ष कामदार, प्रविधि र बजारको अभाव आफूहरुको मुख्य समस्या रहेको बताए । युवा जनशक्ति विदेश पलायन भइरहेको अवस्थामा आफूहरु जनशक्तिको अभावमा व्यवसाय नै बन्द गर्नुपर्ने अवस्थामा रहेको उपाध्यक्ष श्रेष्ठको भनाई छ ।

कार्यक्रममा अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै कृष्णप्रसाद अर्यालले २५ मिटरभित्र रहेका व्यवसायीलाई व्यवस्थापन गर्न योजना बनाउँदै एकीकृत बजार व्यवस्थापनको पहल गर्न अनुरोध गरेका छन् । वस्तुगत संघको भवन छुट्टै हुने जानकारी दिँदै उनले हेटौंडा-६ मा भवनको लागि जग्गा प्राप्त भइसकेको बताए । करको दर नभई दायरा फराकिलो बनाउन उनले माग गरेका छन् ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघका पूर्वअध्यक्ष रामप्रसाद न्यौपाने, बागमती प्रदेश समिति अध्यक्ष शुभेन्द्र जोशी, जुत्ता चप्पल व्यवसायी संघ मकवानपुरका अध्यक्ष रामहरि तिमल्सिना, तरकारी तथा फलफूल व्यवसायी संघ मकवानपुरका अध्यक्ष कृष्ण हुमागाई लगायतको आतिथ्यता रहेको थियो ।

## प्रेसलाई तर्साउने पछिल्ला घटनाबारे सम्पादकहरुको आपत्ति



साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ प्रेसलाई तर्साउने पछिल्ला घटनाबारे सम्पादकहरुले आपत्ति जनाएका छन् । शनिबार विभिन्न मिडियाका ३५ जना सम्पादकहरुले संयुक्त विज्ञप्ति जारी गर्दै फरक उद्देश्यका लागि बनेको कानुनको दुरुपयोग गर्दै सत्ताको बलमा प्रहरी परिचालन गरेर पत्रकारलाई पक्राउ गर्न खोज्नु खेदजनक विषय भएको बताएका छन् ।

पत्रकार दिलभूषण पाठकमाथि केही दिनअघि पक्राउपुर्जी जारी भएको थियो । पाठकमाथि जारी पक्राउपुर्जी पनि खारेज गर्न सम्पादकहरुको माग छ । 'विचार तथा अभिव्यक्ति स्वतन्त्रता जोडिएका विषयमा तत्सम्बन्धी कानुनले गरेको व्यवस्था पालना गर्न राज्यको ध्यानाकर्षण गराउँदै हामी दिलभूषण पाठकविरुद्धको पक्राउपुर्जी खारेज गर्न माग गर्दछौं,' जारी विज्ञप्तिमा भनिएको छ ।

सँगै विद्युतीय कारोबार ऐनमा राखिएका गलत प्रावधान संशोधन गर्ने प्रक्रियामा लैजान पनि सम्पादकहरुले सरकार र संसद्को ध्यानआकर्षित गरेका छन् । सम्पादकहरुले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सँगसँगै अभिव्यक्ति स्वतन्त्रता जस्तो मौलिकहकलाई खुम्च्याउने गरी विद्युतीय कारोबार ऐनमा राखिएका गलत प्रावधान संशोधन गर्ने प्रक्रियामा लैजान पनि सरकार र संसद्को ध्यानआकर्षित गर्न चाहन्छ, ।'

नेपालखबर डटकम र बिजमान्डु डटकमसहितका अनलाइन न्युज पोर्टलमा प्रकाशित समाचार हटाउन भन्दै अदालतबाट जारी भएको आदेशप्रति पनि आफूहरुको असहमति भएको सम्पादकहरुले बताएका छन् । 'बिना सुनुवाइ समाचार सामग्री हटाउन मात्रै होइन, समाचार प्रकाशन नगर्न नगराउन भनी आएको आदेशले प्रकाशनपूर्व प्रतिबन्ध लगाउन नपाइने संवैधानिक हक समेत उल्लंघन हुन पुगेको छ,' विज्ञप्तिमा भनिएको छ, 'यसतर्फ न्यायिक नेतृत्वको गम्भीर ध्यानाकर्षण गराउँछ ।'

### महिला पत्रकार भेलाबाट १२ बुँदे चितवन घोषणापत्र जारी

## २५ वर्ष निरन्तर पत्रकारिता गर्ने महिला पत्रकारको लागि पेन्सनको माग

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/२५ वर्षसम्म निरन्तर पत्रकारितामा सक्रिय महिला पत्रकारलाई पेन्सनको व्यवस्था गर्नुपर्ने मागसहित बागमती प्रदेश महिला पत्रकार भेला सकिएको छ ।

पत्रकार महासंघ बागमती प्रदेशको आयोजनामा चितवनको भरतपुरमा सम्पन्न दुई दिने भेलाले १२ बुँदे चितवन घोषणापत्र जारी गरेको हो । घोषणापत्रमा पत्रकारिता पेशामा लामो समयदेखि क्रियाशील महिलाको जीवनयापन सुरक्षित गर्न पेन्सनको व्यवस्था हुनुपर्ने उल्लेख गरेको छ । समीक्षा पाण्डे संयोजकत्वको मस्यौदा समितिले तयार पारेको घोषणापत्रमा महिला पत्रकारका पेशागत र भौतिक सुरक्षाका विषयदेखि सामाजिक सुरक्षासम्मका मुद्दा समेटिएका छन् ।



विशेषगरी मातृत्वकालीन जिम्मेवारी बहन गरिरहेका महिला पत्रकारका लागि विशेष फेलोसिप कार्यक्रम ल्याइनुपर्ने, पत्रकार महासंघमा स्तनपान कक्ष स्थापना गर्नुपर्ने, सामाजिक सुरक्षाकोष, स्वास्थ्य बीमा र दुर्घटना बीमाको गरिनुपर्ने माग गरिएको छ । त्यसैगरि, सरकारी अस्पतालमा निशुल्क उपचारका व्यवस्थाका साथै स्तन तथा पाठेघर क्यान्सर परीक्षण निशुल्क गरिनुपर्ने माग गरिएको छ ।

घोषणापत्रले तीनै तहका सरकारहरुलाई सञ्चारमैत्री नीति निर्माण गर्न र महिलाले सञ्चालन गरेका सञ्चारमाध्यमलाई विशेष सहुलियत, विज्ञापन तथा अनुदान दिनुपर्ने विषय प्राथमिकताका साथ उठाएको छ । भेलाको उद्घाटन महासंघका वरिष्ठउपाध्यक्ष दीपक आचार्यले गरेका थिए भने समापन समारोहमा महासंघकी केन्द्रीय उपाध्यक्ष नितु पण्डितको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशकी उपाध्यक्ष तथा महिला विभाग संयोजक विमला पाण्डेले बागमती प्रदेशका महिला पत्रकारको लागि अवसर, चूनौती लगायत विषय समेटेर अवधारणापत्र प्रस्तुत गरेकी थिइन् ।

## नसर्ने रोगबिरुद्धको बृहत साइकल ऱ्याली

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले नसर्ने रोगबिरुद्ध जनचेतना जगाउने उद्देश्यले शनिबार हेटौंडामा बृत साइकल ऱ्याली आयोजना गरेको छ ।

हिमालयन राइडर्स सोसाइटी मकवानपुरको समन्वयमा भएको साइकल ऱ्यालीको उद्घाटन बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले गरेका हुन् । एक व्यक्तिबाट अर्कोमा प्रायः नसर्ने रोगलाई नसर्ने रोग भनिन्छ । यस्ता रोगहरु शरीरको आन्तरिक प्रक्रियामा गडबडी वा असन्तुलन हुँदा देखापर्छन् । नसर्ने रोगहरु प्रायः व्यक्तिगत जीवनशैली, आनीबानी, व्यवहार, मानसिक असन्तुलन, हार्मोन असन्तुलन, आहारबिहार जस्ता विभिन्न कारणले देखापर्छन् ।

स्वास्थ्यमन्त्री थापाले नसर्ने रोगहरु प्रायः दीर्घकालीन प्रकारका हुने भएकोले नागरिकलाई समयमै सचेत बन्नका लागि यसप्रकारको ऱ्यालीले सहयोग पुऱ्याउने बताए । क्यान्सर, मधुमेह, ग्यास्ट्राइटिस, अम्लपित्त, पत्थरी, उच्चरक्तचाप, मुटुरोग, मिर्गौलारोग, हाडजोर्नी तथा नसासम्बन्धी रोग, बाथ, मानसिक रोग, चोटपटक र दुर्घटनाका कारण हुने अशक्तता आदि नसर्ने रोगबाट बच्नका लागि सचेनता अपनाउनु पर्ने स्वास्थ्यमन्त्री थापाले बताए ।

सोसाइटीका अध्यक्ष राजु थापामगरको सभाध्यक्षतामा भएको ऱ्याली उद्घाटन कार्यक्रममा हेटौंडाका दुइसय जना साइकलप्रेमीहरुको सहभागिता रहेको थियो । ऱ्यालीको उद्घाटनसँगै स्वास्थ्यमन्त्री थापाले हुप्राचौरबाट कपुर कम्प्लेक्स, सीमाचोक, बुद्धचोक, कान्तिराजपथ हुँदै भैरवरोड चोकसम्म साइकलयात्रा गरेका थिए ।

साइकल ऱ्याली पछि सहभागी साइकलयात्रीको निशुल्क स्वास्थ्य परीक्षण पनि गरिएको थियो । जिल्ला स्वास्थ्य कार्यालयले वार्षिक कार्यक्रमहरुमा केही परिवर्तन गर्दै समयसापेक्ष बनाउँदै लगेको कार्यालयका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए ।

हेटौंडा उपमहानगरपलिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**नदीजन्य पदार्थ उत्खनन तथा संकलनमा रोक लगाएको सम्बन्धी सूचना**

हेटौंडा उपमहानगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न खोला तथा खहरेहरुबाट मिति २०८२ साल असार १ गते देखि २०८२ साल भाद्र मसान्तसम्म तीन महिना नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन गर्न निषेध गरेको हुँदा निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन नगर्नु हुन यो सूचना जारी गरिएको छ । निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेमा पसी नदीजन्य पदार्थ उत्खनन, संकलन तथा ढुवानी कार्यमा संलग्न सवारी साधनहरुलाई प्रचलित नियमानुसार कारवाही गरी नदीजन्य पदार्थ जफत समेत गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**शिक्षक आवश्यकता**

*दोस्रो पटक प्रकाशित मिति : २०८२/०३/०१*

प्रस्तुत विषयमा यस श्री माध्यमिक देवीटार विद्यालय राक्सिराङ्ग-८, राक्सिराङ्ग गाउँपालिकाको पत्र अनुसार तथा राक्सिराङ्ग गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शिक्षा शाखाको प.सं. ०८१/०८२ च.नं. २०३२ को प्राप्त पत्र अनुसार विज्ञापन अनुमति अनुसार र वि.व्य.स.को मिति २०८२/०२/२९ गतेको निर्णय बमोजिम यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह विज्ञान (संघीय शिक्षण अनुदान) विषयको करार शिक्षक अनुमतिको माग भई आएको हुँदा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९१ बमोजिम शिक्षक व्यवस्थापनको लागि दोस्रो पटक विज्ञापन गरिएको व्यहोरा जनाकारी गराइन्छ ।

**तपशिलः**
विज्ञापन नं. : ०१-०८१/०८२
तहः शिक्षक सिकाई अनुदान तह मा.वि.
शैक्षिक योग्यता : बि.ए.सी (बि.एड. एक वर्षे) सो सरह उत्तीर्ण
तलब सुविधा : नेपाल सरकारले तोकेबमोजिम
दरखास्त दस्तुर : रु.२,०००/- (अक्षरेपी: दुइ हजार मात्र ।)
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक
दरखास्त दिने अन्तिम मिति : २०८२/०३/०८ गते ४:०० बजेसम्म
सम्पर्क मिति : २०८२ असार ०९ गते
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

आवश्यक कागजातहरुः
१) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २ थान
२) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ थान
३) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ थान
४) अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपि २ थान
५) हस्तलिखित निवेदन १ थान

*नोटः दरखास्त दिँदा स्वयम् निवेदक विद्यालयमा उपस्थित हुनु पर्नेछ ।*

**श्री माध्यमिक विद्यालय**
राक्सिराङ्ग गाउँपालिका-८ देवीटार, मकवानपुर
**सम्पर्क नं.:** ९८४५११५९४१ (प्र.अ), ९८४५०४२६४४ (अध्यक्ष)

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना